# लेखापरीक्षण प्रतिवेदन

# बेलवारी नगरपालिका, मोरङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बेलवारी नगरपालिका, मोरङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/113

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बेलबारी, मोरङ।

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.३५ करोड ३ लाख ५७ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३ करोड ४२ लाख २८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१ करोड ६४ लाख ८ हजार र पर्यटन पूर्वाधार विकास आयोजनाको रु.२ करोड ७ लाख १६ हजार गरी जम्मा रू.४२ करोड १७ लाख ९ हजार समावेश गरेको छैन ।

२.नगरपालिकाको रु.२ अर्व ५५ करोड ९७ लाख ४० हजार लेखापरीक्षण गरिएकोमा रु.४ करोड ९६ लाख ५ हजार (१.९४ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.१ करोड ३३ लाख ९६ हजार प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.३७ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ९२ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड १२ लाख ३७ हजार र पेस्की बाँकी रु.२० लाख रहेको छ । गत वर्षसम्म रु.१२ करोड ६७ लाख ९३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१६ करोड २७ लाख ७४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बेलबारी नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बेलबारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

### बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ९३ | १५० | ४,९६,०४,६५३ | ० | ६७ | १,३३,९५,७२५ | ० | ९३ | ८३ | ३,६२,०८,९२९ | ३७,५७,४८५ | १,९२,१४,०७७ | १,१२,३७,३६७ | ० | ० | ३,०४,५१,४४४ | २०,००,००० |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | १२,६७,९३,००० | ० | २,२८,२९३ | १२,६५,६४,७०७ | ० | ३,६२,०८,९२९ | १६,२७,७३,६३६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५.२ | आन्तरिक लेखापरीक्षण | २,१०,९१५ |
| २ | २०८०/८१ | ३३ | विशेष अनुदान रकम | ४,९१,५५० |
| ३ | २०८०/८१ | ३६, ४४ | कर कट्टी | २२,७९४ |
| ४ | २०८०/८१ | ४७ | अवलोकन भ्रमण | ३२,७५५ |
| ५ | २०८०/८१ | ५५ | बिमाको प्रिमियम भुक्तानी | ९,६२६ |
| ६ | २०८०/८१ | ५९ | मेलमिलापकर्ताको तालिम | २०,५६६ |
| ७ | २०८०/८१ | ६० | मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लावारीको नगरपालिका घुम्तिकोष | ५,००,००० |
| ८ | २०८०/८१ | ६३ | शिक्षातर्फ | ५,३४,४०८ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ६४.३ | तालिम कार्यक्रम सञ्चालन | ४,५०,१२९ |
| १० | २०८०/८१ | ६९ | नगर अस्पताल फर्निचर व्यवस्थापन | ९,७६,३२० |
| ११ | २०८०/८१ | ७५ | मानिसको दरमा मेशिनको प्रयोग | २८,२६८ |
| १२ | २०८०/८१ | ७९ | बढी भुक्तानी | १८,७०६ |
| १३ | २०८०/८१ | ८०.२ | बिमा रकम | १६,९४५ |
| १४ | २०८०/८१ | ८४ | ससर्त अनुदान रकम | ८,५१,८०४ |
| १५ | २०८०/८१ | ८५.२ | फरक खातामा दाखिला | ३,८५,७५८ |
| १६ | २०८०/८१ | ८६ | ठेक्का नं. BM/ MOR/ W/ NCB/ 07/ 2078/ 079 | ७४,९९,२८३ |
| १७ | २०८०/८१ | ९१ | तराई मधेश समृद्धि कार्यक्रम | १२,९४,५२० |
| १८ | २०८०/८१ | ९२ | गुणस्तर परीक्षण शुल्क | २५,००० |
| १९ | २०८०/८१ | ९९ | सामाजिक सुरक्षा तथा संरक्षण | २६,३७७ |
| **प्रतिक्रियाबाट फस्यौंट जम्मा** | | | | **१,३३,९५,७२५** |
| १ | २०७९/८० | ४२ | बिमा रकम भुक्तानी | १,८५,९०४ |
| २ | २०७९/८० | १०४ | मूल्य अभिवृद्धि कर कट्टी | ४२,३८९ |
| **सम्परीक्षणबाट फस्यौंट जम्मा** | | | | **२,२८,२९३** |
| **कुल जम्मा** | | | | **१,३६,२४,०१८** |

# (८०११३४०३३०० - बेलवारी नगरपालिका, मोरङ)

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १३२.७९ वर्ग किलोमिटर तथा जनसंख्या ८० हजार २०८ जना रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।१८ देखि २०८१।०९।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.२,५५,९७,४०,२९०।९३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३,६४,१५०।- असुल भई दाखिला प्रमाण पेश भएको छ

| वापत | रकम | मिति | दाखिला भएको बैंक |
|---|---|---|---|
| राजस्व असुली दाखिला बाँकी | ११७४९ | २०८१।०९।१८ | राष्ट्रिय वाणिज्य बैंक |
| विभिन्न असुली | १४०७० | २०८१।०९।२४ | राष्ट्रिय वाणिज्य बैंक |
| विभिन्न असुली | १६०००० | २०८१।०९।२३ | राष्ट्रिय वाणिज्य बैंक |
| विभिन्न बैठक भत्ता भ्रमण भत्ता लगायतको बढी भुक्तानी असुल | १७८३३१ | २०८१।०९।२८ | राष्ट्रिय वाणिज्य बैंक |
| **जम्मा** | **३६४१५०** | | |

२ **प्राप्ति भुक्तानी हिसाब (म.ले.प.फा.नं.२७०-१)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम बेलवारी नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरूको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आर्थिक वर्षको कारोवार | गत आर्थिक वर्षको कारोवार |
|---|---|---|---|
| | **राजस्व अनुदान र अन्य प्राप्ति** | | |
| ११००० | कर | १८९८२९७६९.१९ | १६३७८६७३०.१७ |
| १३००० | अनुदान | ५४७८३९०२५.४४ | ६१०९५९०६७.९० |
| १४००० | अन्य राजस्व | ६११६२७९३.९३ | ५८९५९२९९.९२ |
| १५००० | विविध प्राप्ति | २३३०००.०० | ०.०० |
| ३३१४३ | अन्य संस्थाहरूबाट ऋण प्राप्ति | ०.०० | ५९७०३७४.०० |
| **क** | **कुल जम्मा प्राप्ति** | **७९९०६४५८८.५६** | **८३९६७५४७१.९९** |
| ३ | चालु | ५५१०३३४१०.४२ | ५८०००४१२९.७४ |
| २१००० | पारिश्रमिक / सुविधा | ३३२३३५६९९.२५ | ३३५४३१३२८.७४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १९३१९४८७६.७६ | २२७७३४८५६.१५ |
| २४००० | ब्याज सेवा शुल्क तथा बैंक कमिशन | ४१९२९८६.०८ | ४९३१७२६.८५ |
| २५००० | सहायता (Subsidy) | १५९०६९१.८३ | ५००००००.०० |
| २६००० | अनुदान | २४०४०००.०० | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | १३२०८१८१.५० | २९०८३७८.०० |
| २८००० | अन्य खर्च | ४१०६९७५.०० | ३९९७८४०.०० |
| ४ | पुँजीगत | २६१९३०५५१.४५ | २८१८३४६५२.३७ |
| ३१११० | भवन तथा संरचना | २०३७०७४७.०६ | ४७९९००७७.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ६६९७३७६.७५ | ११८१४२४३.०० |
| ३११३० | अन्य पुँजीगत खर्च | ५४००००.०० | १७८०९.०० |
| ३११५० | सार्वजनिक निर्माण | २३१५२०७९०.६४ | १९७९७२१०५.०० |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | ८६३३६२.०० | १२९१३२३९.३७ |
| ३११७० | पुँजीगत सुधार खर्च | १९३८२७५.०० | १११२७१७९.०० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **८१२९६३९६१.८७** | **८६१८३८७८२.११** |
| **ग)** | **बचत /कमी (ग = क-ख )** | **-१३८९९३७३.३१** | **-२२१६३३१०.१२** |
| **घ)** | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | **२६३६४७८.९६** | **२७७४९७७.४३** |
| **घ.१)** | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी** | **५६१०.५६** | **-११७८५.३३** |
| **ङ)** | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | **-११२६२८९४.३५** | **-१९३८८३३२.६९** |
| **च)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | **११६०१६४४६.६०** | **१३५४०४७७९.२९** |
| **छ)** | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | |
| **ज)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | **१०४७५३५५२.२५** | **११६०१६४४६.६०** |

## ३ एकीकृत आर्थिक विवरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६९ र ७२ बमोजिम आर्थिक वर्ष २०८०/८१ को यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय आय-व्यय हिसाबको एकीकृत संक्षिप्त विवरण निम्नानुसार रहेको छः

| | आय | | | व्यय | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **११६०१६४४६.६०** | १ | **संघीय समानीकरण अनुदान** | **१३६०६०८४०.८३** |
| | क. स्थानीय संचितकोष खाता | ७०९४६३१९.७२ | | क. चालु | ८४४९०२५६.२८ |
| | ख. स्थानीय तह धरौटी खाता | ३०९५११८१.५० | | ख. पुँजीगत | ५१५७०५८४.५५ |
| | ग. प्रकोप व्यवस्थापन कोष खाता | १८८९४४९.१३ | २ | **संघीय ससर्त** | **३१४६४१११७.५१** |
| | घ. विविध कोष खाता | १२२२९४९६.२५ | | क. चालु | २८११०५५२६.१२ |
| २ | **राजश्व आय** | **२५०८६४८१३.१२** | | ख. पुँजीगत | ३३५३५५९१.३९ |
| | क. आन्तरिक राजश्व | ७०८८०३९३.२६ | ३ | **संघीय समपूरक अनुदान पुँजीगत** | **७८७७६८२.००** |
| | ख. राजश्व बाँडफाँट(संघीय प्रदेश र स्थानीय) | १७९९८४४१९.८६ | ४ | **संघीय विशेष अनुदान पुँजीगत** | **१३७७१७७६.००** |
| ३ | **संघ सरकारबाट हस्तान्तरण** | **४९४४८३५७५.५१** | ५ | **आन्तरिक स्रोत** | **१५९१२०४२३.३७** |
| | क. वित्तीय समानीकरण अनुदान | १५८१९३०००.०० | | क. चालु | ११०२०२६९१.११ |
| | ख. ससर्त अनुदान | ३१४६४१११७.५१ | | ख. पुँजीगत | ३३००८६१९.७८ |
| | ग. समपूरक अनुदान (पुँजीगत) | ७८७७६८२.०० | | ग. लागत सहभागिता | १०९२४११२.४८ |
| | घ. विशेष अनुदान (पुँजीगत) | १३७७१७७६.०० | | घ. अन्तर सरकार साझेदारी | ३००००००.०० |
| ४ | **प्रदेश सरकारबाट हस्तान्तरण** | **२९७८८०१४.५०** | | ङ. सडक बोर्ड नेपाल | १९८५०००.०० |
| | क. वित्तीय समानीकरण अनुदान | ११०९१०००.०० | ६ | **राजश्व बाँडफाँट** | **१५७०६१६११.२०** |
| | ख. समपूरक अनुदान (पुँजीगत) | ७३७१६३६.०० | | क. चालु | ६६७५६६२६.७९ |
| | ग. ससर्त अनुदान | ११३२५३७८.५० | | ख. पुँजीगत | ९०३०४९८४.४१ |
| ५ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **४२१७०८८८०.७५** | ७ | **प्रदेश समानीकरण** | **५७३३४९६.४६** |
| | क. सामाजिक सुरक्षा | ३५०३५७४६८.०० | | क. चालु | ५२३५७५२.६२ |
| | ख. एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३४२२७५७२.५० | | ख. पुँजीगत | ४९७७४३.८४ |
| | ग. स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम | १६४०७८३८.४५ | ८ | **प्रदेश समपूरक अनुदान पुँजीगत** | **७३७१६३६.००** |
| | घ. पर्यटन पूर्वाधार विकास आयोजना | २०७१६००१.८० | ९ | **प्रदेश ससर्त अनुदान** | **११३२५३७८.५०** |
| ६ | **कार्यसञ्चालन कोष** | **११९०९९११.५८** | | क. चालु | ३२४२५५७.५० |
| | क. प्रकोप व्यवस्थापन कोष खाता | ७९८८१७८.२६ | | ख. पुँजीगत | ८०८२८२१.०० |
| | ख. विविध कोष खाता | ३९२१७३३.३२ | १० | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **४२१७०८८८०.७५** |
| ७ | **धरौटीको प्राप्ती** | **२०७५९९९७.४०** | | क. सामाजिक सुरक्षा | ३५०३५७४६८.०० |
| ८ | **विभाज्य कोष खाताको प्राप्ती** | **२०७९५५००.००** | | ख. एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३४२२७५७२.५० |
| ९ | **लागत सहभागिता** | **१३७९६०४६.४५** | | ग.स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम | १६४०७८३८.४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | अन्तर सरकार साझेदारी | ३९७१९५८.९८ | | घ.पर्यटन पूर्वाधार विकास आयोजना | २०७१६००१.८० |
| ११ | सडक बोर्ड नेपाल | ६१६००००.०० | ११ | कार्यसञ्चालन कोष | १४१५६४७०.४४ |
| | | | | क. प्रकोप व्यवस्थापन कोष खाता | ७८०४४९७.४४ |
| | | | | ख. विविध कोष खाता | ६३५१९७३.०० |
| | | | १२ | धरौटी फिर्ता | १५८७६९५९.५८ |
| | | | १३ | विभाज्य कोष खाताको बाँडफाँट | २०७९५५००.०० |
| | | | १४ | मौज्दात रकम (स्रेस्ता अनुसार) | १०४७५३३७२.२५ |
| | | | | क. स्थानीय संचितकोष खाता | ५७०४६७६६.४१ |
| | | | | ख. स्थानीय तह धरौटी खाता | ३५८३४२१९.३२ |
| | | | | ग. प्रकोप व्यवस्थापन कोष खाता | २०७३१२९.९५ |
| | | | | घ. विविध कोष खाता | ९७९९२५६.५७ |
| | जम्माः | १३९०२५५१४४.८९ | | जम्माः | १३९०२५५१४४.८९ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

४.१ **दुई लेखाप्रणाली** - एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कायम नहुने हुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन नसक्ने देखियो। सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

४.२

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३५,०३,५७,४६८।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३,४२,२७,५७२।५०, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१,६४,०७,८३८।४५ र पर्यटन पूर्वाधार विकास आयोजनाको रु.२,०७,१६,००१।८० गरी जम्मा रू.४२,१७,०८,८८०।७५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रू.४२,१७,०८,८८०।७५ र यस वर्षको भुक्तानी रू.४२,१७,०९,०६०।७५ र बैंक मौज्दातमा रु.१८०।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समावेश गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको खर्च/भुक्तानी | बैंक मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको आर्थिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ११६०१६४४६.६ | ८५२५२९८१७.५४ | ८६३७९२७११.८९ | १०४७५३५५२.२५ |
| एकीकृत आर्थिक विवरण अनुसार | ११६०१६४४६.६ | १२७४२३८६९८.२९ | १२८५५०१७७२.६४ | १०४७५३३७२.२५ |
| फरक | ० | ४२१७०८८८०.७५ | ४२१७०९०६०.७५ | १८०. |

४.४ **बैंङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक देखिएको छ । पालिकाको श्रेस्ता अनुसार देहाय बमोजिम आषाढ मसान्तको बैंङ्क मौज्दात रू.१०,४७,५३,५५२।२५ देखिएकोमा सो अवधिमा बैंङ्क स्टेटमेन्ट अनुसार बैंङ्क मौज्दात रू.१०,४७,५३,३७२।२५ देखिएको छ । स्थानीय तह सञ्चित कोष खातामा रू.१८०।- श्रेस्ता भन्दा बैंङ्क घटी देखिएको सम्बन्धमा बैंङ्क हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२) तयार गरी घटी देखिएको रकम सम्बन्धमा पालिकाले छलफलको क्रममा भुलवस वास्तविकभन्दा बढी आम्दानी बाँधीएकोले फरक परेको जनाएको छ ।

| कोष/खाता | श्रेस्ता अनुसारको मौज्दात रकम | बैंक स्टेटमेन्ट अनुसारको मौज्दात | फरक |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता | ० | ० | ० |
| बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| आन्तरिक अनुदान खाता | ० | ० | ० |
| स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| स्थानीय तह सञ्चित कोष खाता | ५७०४६९४६.४१ | ५७०४६७६६.४१ | -१८० |
| स्थानीय तह धरौटी खाता | ३५८३४२१९.३२ | ३५८३४२१९.३२ | ० |
| चालु खर्च खाता - विजोर वर्ष | ० | ० | ० |
| पुँजीगत खर्च खाता - विजोर वर्ष | ० | ० | ० |
| स्थानीय तह विविध कोष खाता | ९७९९२५६.५७ | ९७९९२५६.५७ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २०७३१२९.९५ | २०७३१२९.९५ | ० |
| जम्मा | १०४७५३५५२.२५ | १०४७५३३७२.२५ | -१८० |

## ५ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२ र ३ ) मा स्थानीय तहले आफ्नो आर्थिक कारोबारको कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष २०८०/८१ को आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको देखियो । आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरुजुहरूमध्ये निम्नानुसारका बेरुजु अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फर्स्योट नभएको हुँदा उल्लेख भए अनुसारको बेरुजुमा उल्लेखित व्यहोरा अनुसार फर्स्योट गराई पेश गर्नुपर्ने रु.

### ५.१ सैद्धान्तिक बेरुजु

| गो.भौ.नं. | मिति | बेरुजुको बेहोरा | बेरुजु रकम |
|---|---|---|---|
| | | पालिका पुँजीगततर्फ | |
| विभिन्न | विभिन्न | सार्वजनिक खरिद ऐन,२०६३ को उपनियम ४१ र सार्वजनिक खरिद नियमावली,२०६४ को दफा ८५ बमोजिम कार्यालयलाई आवश्यक एकलाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा परामर्स सेवा वा कार्यालयका सामाग्री सोही सार्वजनिक खरिद ऐन र नियमावलीको अधिकतम सीमाको परिधिभित्र रही सूचीकृत ३ फर्म/निर्माण व्यवसायी वा सो कार्यका लागी योग्य सप्लायर्ससँग प्रस्ताव माग गरी उक्त कार्य गरीएको भएता पनि नगरपालिकाको सबै सोझै खरीद कार्यमा सार्वजनिक खरिद नियमावली,२०६४ को दफा १४७ बमोजीम गठीत मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सिफारीस गर्नुपर्नेमा सो कार्य गरीएको देखीँदैन र वडा कार्यालयबाट हुने मुल्याङ्कन कार्यका लागी सार्वजनिक खरिद नियमावली,२०६४ को दफा १४७ बमोजिम समितिको गठन नभएकाले प्रस्ताव माग गरी गरीने कार्यको लागि सार्वजनिक खरिद ऐन,२०६३ को उपनियम ४१ र सार्वजनिक खरिद नियमावली,२०६४ को दफा ८५ बमोजिम गरीने खरिद कार्यका लागि अधिकारप्राप्त अधिकारीबाट मूल्याङ्कन स्वीकृत गराई खरीद कार्य गर्न, तालिम कार्यक्रम संचालनमा अनुगमन भएको देखिँदैन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा १३१(२) मा उल्लेख भए अनुसार योजनाको स्वीकृत गर्ने कार्य अधिकार प्राप्त अधिकारीमा मात्र सिमित रहने भएकाले सो को कार्यान्वयनतर्फ कार्यालयले ध्यान दिनु पर्दछ अत्यावश्यक बाहेक सोझै खरीद गरीने कार्यलाई निरुत्साहीत गर्न कार्यालयबाट हुने समान प्रकृतिका कार्यलाई वडाको समेत एकीकृत गरी सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम सबै इच्छुक प्रस्तावदाताहरूलाई संलग्न हुने गरी प्रतिस्पर्धात्मक तरिकाले कार्यालयले गुणस्तरीय र न्यूनतम लागतमा कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| विभिन्न | विभिन्न | निजामती सेवा ऐन,२०४९ को दफा ७४, निजामती सेवा नियमावली,२०५० को नियम ४१ र १२४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १०३ र कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० दफा १३७ बमोजिम कर्मचारीले सरुवा, बढुवा, अवकाश हुँदा, एक जिम्मेवारीबाट अर्को जिम्मेवारी बहन गर्दा आफ्नो जिम्मामा रहेका कार्यालयका सामाग्रिको सम्बन्धित व्यक्तिलाई बुझाउनु पर्ने र आफुले बुझाउनु पर्ने प्रतिवेदन समेत बुझाउनु पर्छ भनेर स्पस्ट लेखीएकोमा यस बेलबारी नगरपालिकामा भण्डार शाखामा कार्यरत प्रशासन सहायक पाचौं चतुर्भुज माझीलाई कार्यपालिकाको निर्णय बमोजिम वडा सचीवको रुपमा वडामा खटाउदा निज कर्मचारी चतुर्भुज माझीले बरबुझारथ गरेको देखिँदैन निजले भण्डार शाखाको सम्पूर्ण विवरण बुझाउनु पर्ने जिन्सी निरीक्षण प्रतिवेदन नबुझाएको कारण आ. ब.२०८०/८१ को यथार्थ जिन्सी सामाग्री यकीन गर्न सकिएन कार्यालयले जिम्मेवारी हेरफेर गर्दा, कर्मचारी सरुवा, अवकास गर्दा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ति, प्रतिवेदन कार्यालयलाई प्राप्त भए पछिमात्र सरुवा बढुवा र कामकाज हेरफेर गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | | ससर्त अनुदान चालुतर्फ | |
| विभिन्न | विभिन्न | सामुदायिक विद्यालयमा प्रति विद्यार्थी लागतका आधारमा निकासा हुने ससर्त खर्च निकासा कार्यान्वयन पुस्तिका अनुसार खर्च हुने रकमहरू दिवा खाजा कार्यक्रम, विद्यालय पाठ्यपुस्तक, छात्रवृत्ती वितरण कार्य जस्ता निकासा हुने रकमका लागी सहजीकरण होस भनी नेपाल सरकारले संचालनमा ल्याएको IEMIS सफ्टवेयर अनुसारको रेकर्ड भिडान गरी उक्त लागत रकमहरू निकासा गर्नु पर्नेमा सो लाई आधार बनाएर निकासा गरिएको देखिँदैन साथै IEMIS सफ्टवेयर सम्बन्धी तालिम संचालन समेत भएकाले उक्त IEMIS सफ्टवयर पूर्ण प्रयोगतर्फ सामुदायिक विद्यालयलाई अग्रसर तुल्याउनु पर्दछ। सामुदायिक विद्यालय अनुगमन गरिँदा भौतीक पक्षको मात्र अनुगमन गरिएको देखिन्छ विद्यालयको आर्थिक शैक्षिक गुणस्तर प्राविधिक पक्षको समेत अनुगमन हुनु पर्दछ । विद्यालयको नाममा हुने सम्बन्धित शीर्षकको निकासा | |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धित शीर्षकमा खर्च भए नभएको यकिन गर्नु पर्ने विद्यालयको शैक्षिक गुणस्तरलाई उच्च बनाउन र आर्थिक पक्षलाई पारदर्शी र निष्पक्ष बनाउन समयमै सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गराउनेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| | | अन्तरसरकारी अख्तियारीतर्फ | |
| १२ | 7/14/2024 | तलबी प्रतिवेदन :- निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले आ. व. २०८०/८१ मा तलबी प्रतिवेदन पारित नगराई अन्तरसरकारी अख्तियारी चालु अन्तर्गत स्वास्थ्य तर्फका ३९ जना कर्मचारीहरूको २०८० फाल्गुण देखी २०८१ असारसम्मको तलब भत्ता रु.१,११,१३,६६५।९५ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना ग्रेड भिडान गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |

## ५.२ असुल गर्नुपर्ने बेरुजु

<table>
<tr><th>गो. भौ . न .</th><th>मिति</th><th>बेरुजुको बेहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td colspan="4">पालिका पुँजीगततर्फ</td></tr>
<tr><td>१९५</td><td>०१/२३/२०८०</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३ र १२४ बमोजिम वास्तविक कार्य सम्पादनको मात्र बिल भरपाइ राखी भुक्तान गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यको प्राविधिकबाट मूल्याङ्कन गरी तिनखुटीया टोल बिकास संस्था बेलबारी - ९ कल्भर्ट निर्माण कार्यको प्राबिधिक नापी किताबमा ५१.६ व.मि. मात्र देखाइएको भएता पनि अन्तिम प्राविधिक बिलमा ५४.९ वर्ग मि . भुक्तान गरिएको देखीन्छ उक्त नापी भन्दा बढी भुक्तान भएको रकम रु. १६५३।७३ असुल उपर गरी नगरपालिकाको राजश्व खातामा दाखीला गर्नु पर्ने रु .</td><td>१६५४</td></tr>
<tr><td>४९२</td><td>०३/२४/२०८१</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३ र १२४ बमोजिम वास्तविक कार्य सम्पादनको मात्र बिल भरपाइ राखी भुक्तान गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यको प्राविधिकबाट मूल्याङ्कन गरी जुराहा टोल बिकास संस्था बेलबारीलाई सृजन शिल चौक देखी मास्तिरबाट जुराहा जोड्ने बाटो मर्मत कार्यको प्राविधिक नापी किताबमा Providing and laying of locally available granular river bed को चेनेज +490 to 499 मा लम्बाइ ९ मि . हुनु पर्नेमा ३० मि. देखाइ वास्तविक लम्बाइ भन्दा बढीको भुक्तान भएको रकम रु. २२,८०४।८३ असुल उपर गरी नगरपालिकाको राजश्व खातामा दाखीला गर्नु पर्ने रु.</td><td>२२८०५</td></tr>
<tr><td colspan="4">ससर्त अनुदान चालुतर्फ</td></tr>
<tr><td>विभिन्न</td><td>विभिन्न</td><td>निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सचालन ऐन, २०७४, स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८० मा तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नु पर्ने छ सोही अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङबाट आ. ब. २०७९ / ८० मा पारित तलबी प्रतिवेदन बमोजिम कार्यालयले तलब भुक्तान गर्दा स्वास्थ्यतर्फका कर्मचारीलाई साउन देखी फागुन सम्म तलब भुक्तान गर्दा तपसिल बमोजीमको ग्रेड रकम बढी भुक्तान भएको देखीन्छ । उक्त रकम रु.१,९७,१५०।- सम्बन्धित व्यक्तिबाट असुल उपर गरी सम्बन्धित खातामा दाखीला गर्नु पर्ने रु .
<table>
<tr><td>क्र. सं.</td><td>कर्मचारीको नाम</td><td>बढी भएको ग्रेड</td><td>जम्मा रकम</td></tr>
<tr><td>१</td><td>सफला बस्नेत</td><td>माघ महिनामा १ ग्रेड</td><td>१४५६</td></tr>
<tr><td colspan="4">कार्तिक महिनाको तलब भुक्तान गर्दा तपसिलका कर्मचारीहरूलाई तलब मिलान थप भनी दिएको रकम बढी भुक्तान भएको देखीन्छ</td></tr>
<tr><td>१</td><td colspan="2">मनोज पाठक</td><td>११६४८</td></tr>
<tr><td>२</td><td colspan="2">सविता धिमाल</td><td>९२६०</td></tr>
</table></td><td>२२३६४</td></tr>
<tr><td>११</td><td>०६/२१/२०८०</td><td>सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको तलब भत्ता भुक्तान गर्दा धनपाल मा. बि. का मा. शि. द्धि श्री कैलाश कुमार सिंहलाई २०७९ श्रावण देखी २०८० भाद्र सम्म ग्रेड रकम बढी भएको रु. ३५,१६१।६० देखिन्छ तर उक्त रकम बढी गएको भनी कट्टा गर्दा रु. २९,४८०।- मात्र गरिएकाले कम कट्टा गरिएको छ उक्त बाँकि रकम रु.५,६८१ ।६० शिक्षक श्री कैलाश कुमार सिंहसँग असुल उपर गरी सम्बन्धित खातामा दाखिला गर्नु पर्ने रु .</td><td>५६८२</td></tr>
<tr><td colspan="4">अन्तरसरकारी अख्तियारीतर्फ</td></tr>
<tr><td></td><td></td><td>निर्माण व्यवसायी कोष कट्टा :- निर्माण व्यवसाय नियमावली , २०५६ को नियम १४ मा निर्माण व्यवसायीले स्वीकृत ठेक्का अंकको ०.१० ( शुन्य दशमलव एक शुन्य ) प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखीला गर्नुपर्ने व्यवस्था रहेको छ । ठेक्का नं . BM/MOR/W/NCB 04-077/078 का निर्माण व्यवसायी श्रृङ्खला निर्माण सेवा प्रा. लि. लाई आठौं , नवौं , दशौं र</td><td>३९९१५</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | एघारौं रनिङ विलको भुक्तानीमा निर्माण व्यवसाय कोषको रकम कट्टा गरेको पाइएन। निर्माण व्यवसायीलाई आठौं, नवौं, दशौं र एघारौं रनिङ विलमा भुक्तानी भएको रु. ३,९९,१४,९३४। - ( भ्याट बाहेक तर पि एस सहित ) को ०. १० प्रतिशतले हुने रु. ३९,९१५। - असुल गर्नुपर्ने रु . | |
| विपद् व्यवस्थापन कोषतर्फ | | | |
| | | सार्वजनिक खरिद नियमावली,२०६४ को दफा १२३ र १२४ बमोजिम वास्तविक कार्य सम्पादनको मात्र बिल भरपाई राखी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा विपद् व्यवस्थापनको लागि सामाग्री खरिद गरी बिल भरपाई भन्दा बढी रु.९,०००।- बिशद ट्रेडिङ्ग कन्सर्नलाई भुक्तान भएको रकम सामाग्री खरिद भएको भए बिल भरपाई राख्नुपर्ने उक्त सामाग्री खरिद नगरिएको भए विशद ट्रेडिङ्ग कन्सर्नसँग असुल उपर गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | ९००० |

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **६,९४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१६,३८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **५,७९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **८,७३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **३,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **४,६३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **११,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **११,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **११,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **८,१०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **११,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **११,६४८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **११,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **११,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **६,९४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **३,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **३,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१२,७९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१३** को निर्णयले रू **११,६४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **९,२६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **७,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **८,७३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,६३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,४२० |

५.३ अनियमित बेरुजु

| गो. भौ . न . | मिति | बेरुजुको बेहोरा | बेरुजु रकम |
|---|---|---|---|
| १४५९/१४५८ | ०३/२३/२०८१ | सार्वजनिक खरिद ऐन, २०६३ को उपनियम ४१ र सार्वजनिक खरिद नियमावली,२०६४ को दफा ८५ बमोजिम सूचीकृत ३ फर्मसँग दलित उथान वर्ग उथान कार्यक्रम र पिछडा वर्ग उत्थान कार्यक्रम कार्यान्वयनका लागी ड्राइभिङ्ग तालिम संचालन गर्न कार्यालयले दुवै कार्यक्रममा ३ वटै फर्म सँगमात्र प्रस्तावना माग गरीएकोमा उक्त १५ दिनमा गरीने कार्यको लागी अगाडी प्रस्ताव कम पेश गर्ने फर्मसँगै कार्य गराउन सकिने देखीएता पनि सो अगाडीको कम प्रस्ताव भन्दा बढी पेश गर्नेलाई दिएको देखिन्छ उक्त बढी भुक्तान भएको रकम रु.७,५००।- थापाथली ड्राइभिङ्ग सेन्टरसँग असुल उपर गरी नगरपालिकाको राजश्व खातामा दाखीला गर्नु पर्नेछ साथै यस कार्याका लागी भएको दुवै कार्यको तुलना गर्दा कानुन सम्बत नदेखिएको रु. | ८२२५०० |

| | |
|---|---|
| अनियमित भएको | ८,२२,५०० |

६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । पालिकाले हालसम्म आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तिको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजिम रहेका छन् -

बजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,
- दिगो विकास योजना (२०१५ -३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालीन योजना तयार नगरेको र मध्यमकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,
- पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

खरिद व्यवस्थापनतर्फ

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,
- पालिकाबाट संचालन भएका विभिन्न योजनामा निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ को व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,
- उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याङ्कन नगरेको,

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,
- पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन ।
- खन्ने तथा पुर्ने कार्य गर्दा कटिङ्गको परिमाण देखिने क्रससेक्सन ड्रइङ्ग राखी भुक्तानी दिनुपर्नेमा सो नगरेको कारण कटिङ्गको क्षेत्रफल नापीमा राखेको बराबर हो होइन भनी यकिन गर्न नसिकएको ।

शिक्षातर्फ

- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रूपमा नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

भ्रमण खर्च व्यवस्थापनतर्फ

- भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,
- गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आँफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा भएको व्यवस्था अनुसार अतिरिक्त भत्ता भुक्तानी पाउने कर्मचारीको भ्रमण भत्ता भुक्तानी गर्दा सो रकम गणना गरी भ्रमण विलमा नघटाएको ।
- भ्रमण अभिलेख खाता पूर्ण रूपमा अद्यावधिक गरी नराखेको ।
- भ्रमण बिल मलेप फारमले तोकेको ढाँचा अनुसार तयार नगरेको ।
- भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ बमोजिम भ्रमण विलको साथै पेश गर्नु पर्ने भ्रमण प्रतिवेदन पेश नगर्ने, केही पदाधिकारी/कर्मचारीले पेश गरेकोमा पूर्ण रुपमा भ्रमणलाई पुष्टी गर्ने गरी भ्रमण अवधी भरको कार्य विवरण नखुलेको ।

विविधतर्फ

- मूल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली,२०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।
- म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख नराखेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेस्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,
- राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको ।

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

## ७ बजेट तथा कार्यक्रम

७.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप-प्रमुख श्री नितु थापाले मिति २०८०।०३।१० मा रू.९५,६२,८१,७६६।४१ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७.४ **क्षेत्रगत बजेट खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिएको छ -

| **क्र.सं.** | **मुख्य क्षेत्र** | **वार्षिक बजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** | **क्षेत्रगत खर्च प्रतिशत** |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४०९८६००० | ३५५६००७२ | ८६.७६ | ४.३३ |
| २ | सामाजिक क्षेत्र | ४०३२८७००० | ३५५६६९५७६ | ८८.१९ | ४३.२६ |
| ३ | पूर्वाधार विकास क्षेत्र | ३०४६४७००० | २१६६१९३१५ | ७१.११ | २६.३५ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | ११२००००० | ९१७३००० | ८१.१० | १.१२ |
| ५ | वित्तीय व्यवस्थापन र सुशासन | ३७५१७००० | २५९१४६४७ | ६९.७० | ३.१५ |
| ६ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | २२०७२९३१९.७२ | १७९२००५२९.१२ | ८१.८२ | २१.८ |
| **जम्मा** | | **१०१८३६६३१९.७२** | **८२२१३७१३९.१२** | | **१००** |

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार सामाजिक विकासमा सबैभन्दा बढी ८८.१९ प्रतिशत र वित्तीय व्यवस्थापन र सुशासनमा सबैभन्दा कम ६९.७० प्रतिशत खर्च गरेको छ । उल्लिखित ५ क्षेत्रको क्षेत्रगत खर्च प्रतिशतमध्ये वित्तीय व्यवस्थापन र सुशासन क्षेत्रमा सबैभन्दा कम ३.१५ प्रतिशत र सामाजिक विकासमा सबैभन्दा बढी ४३.२६ प्रतिशत खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्च तथा सामाजिक विकासको खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

७.५ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्नानुसार योजनामा बजेट विनियोजन गरेको छ-

| रु.१ लाख सम्मका | | रु. १ लाख देखि ५ लाख सम्मका | | रु. ५ लाख देखि १० लाख सम्मका | | रु. १० लाख देखि २० लाख सम्मका | | रु. २० लाख भन्दा बढीका | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम रु.हजारमा | संख्या | रकम रु.हजारमा | संख्या | रकम रु.हजारमा | संख्या | रकम रु.हजारमा | संख्या | रकम रु.हजारमा | |
| १३२ | १०४९५ | २८५ | ८८९४२ | ६६ | ५५३८२ | ४१ | ७३६५५ | ५२ | ५८३६०५ | ५७६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजना छनौट र प्राथिमिकीकरण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.६ **अबण्डा बजेट** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ (२) मा बजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने बजेटमा अवण्डा राख्न मिल्ने देखिदैन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत बजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि अवण्डा बजेट राख्न मिल्ने देखिदैन । पालिकाले यो बर्ष निम्न शीर्षककमा बजेट अबण्डा राखी कार्यपालिकाको पटक पटकका निर्णयबाट साविकका आयोजनामा थप तथा नयाँ आयोजनामा रु.५ करोड ९८ लाख २५ हजार खर्च गरेको देखियो । साथै

मर्मत सम्भार कोष सञ्चालनमा रहेको अवस्थामा मर्मत सम्भारकोषमा रकम ट्रान्सफर नगरी पटक पटक निर्णयको आधारमा खर्च लेखेको देखिन्छ । बहुवर्षीय तथा क्रमागत योजनाहरुको लागि योजनागत रुपमा बजेट विनियोजन भएतापनि सुत्र प्रणालीमा प्रविष्टि गर्दा एकमुष्ठ रकम प्रविष्टी गरेको र उक्त रकमबाट कार्यपालिकाको निर्णय बमोजिम वहुवर्षीय तथा क्रमागत बाहेकका नयाँ योजनाहरुमा समेत खर्च गरेको देखिन्छ । सुरु बजेटमा अबण्डामा राखी पुनः कार्यपालिकाबाट आयोजनामा थप तथा संशोधन गरी पटक पटक बजेट बाँडफाँट गर्ने र कार्यपालिकाको निर्णयबाट खर्च गर्ने तत्पश्चात विशेष र त्यसपछीको सभामा अनुमोदन गराउने गरेको देखियो । सभाबाट बजेट स्वीकृत भइसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा कार्यपालिकाको निर्णयको आधारमा बजेट बाँडफाँट गर्नाले ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना भएको देखिएन । यसरी बजेट अबण्डा राख्दा वित्तीय अनुशासन र पारदर्शिता कायम नहुने भएकोले बजेट निर्माणको चरणमा ध्यान दिई यसमा सुधार गर्नु पर्दछ ।

| क्र.सं. | योजनाको नाम | बजेट रकम | खर्च रकम | बाँडफाँट संख्या |
|---|---|---|---|---|
| १ | वडा नगर साझेदारी | १९००० | ९९१५ | ६ |
| २ | बाटोमा पेवल व्यवस्थापन | ५००० | ९४६ | २ |
| ३ | बहुवर्षिय योजनाहरू | ९७६५ | ९०७६ | १२ |
| ४ | क्रमागत योजनाहरू | १५७१२ | ८९३० | १० |
| ५ | क्रमागत योजनाहरू | १२००४ | ११४८२ | १४ |
| ६ | पूर्वाधार विकास सम्बन्धी साना आयोजना | १००० | ८९५ | ५ |
| ७ | नगर स्तरीय पूर्वाधार | १०००० | ९९९४ | ३१ |
| ८ | सिँचाई पूर्वाधार विकास | २००० | १६४८ | ८ |
| ९ | नगरको विभिन्न मर्मत | ३००० | २९५७ | ११ |
| १० | मर्मत सम्भार कोष | ४००० | ३९८२ | १४ |
| | जम्मा | ८१४८१ | ५९८२५ | |

७.७ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ -

| क्र.सं. | बजेट शीर्षक उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पालिका पुँजीगत | १८९३०६०४५ | २७१३०२७१ | ८४०३६५४ | २८१९४०७९ | १२५५७८०४१ | ७५३६२१२३ |
| २ | संघीय ससर्त पुँजीगत | ३३५३५५९१ | ० | ० | ३३४७१७९ | ३०१८८४१२ | १६६११३६३ |
| ३ | संघीय विशेष पुँजीगत | १३७७१७७६ | ० | ० | ४९१५५० | १३२८०२२६ | ६५३३७०४ |
| ४ | संघीय समपूरक पुँजीगत | ७८७७६८२ | ० | ० | ० | ७८७७६८२ | ५२३७६८२ |
| ५ | प्रदेश ससर्त पुँजीगत | ८०८२८२१ | ० | ० | ९०७४५५ | ७१७५३६६ | ४५०४६१७ |
| ७ | प्रदेश समपूरक पुँजीगत | ७३७१६३६ | ० | ० | ० | ७३७१६३६ | ५४०२८९५ |
| ८ | सडक बोर्ड नेपाल | १९८५००० | ० | ० | ० | १९८५००० | ० |
| जम्मा | | २६१९३०५५१ | २७१३०२७१ | ८४०३६५४ | ३२९४०२६३ | १९३४५६३६३ | ११३६५२३८४ |
| खर्च प्रतिशत | | १०० | १०.३६ | ३.२१ | १२.५८ | ७३.८६ | ४३.३९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगततर्फ रू.२६ करोड १९ लाख ३० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.२ करोड ७१ लाख ३० हजार (१०.३६ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.८४ लाख ४ हजार (३.२१ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.३ करोड २९ लाख ४० हजार (१२.५८ प्रतिशत) र चौथो त्रैमासिकमा रू.१९ करोड ३४ लाख ५६ हजार (७३.८६ प्रतिशत) खर्च गरेको देखिएको छ । त्यस्तै आषाढ महिनामा मात्र रू.११ करोड ३६ लाख ५२ हजार अर्थात ४३.३९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने जोखिम देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७.८ **बजेट तथा कार्यक्रम कार्यान्वयन** - पालिकाले यो वर्ष आर्थिक, सामाजिक क्षेत्रका विविध कार्यक्रम सहित पूर्वाधार क्षेत्रका कार्यक्रमहरू सञ्चालन गरेको छ । पालिकाले २०८१ असार २९ मा पारित गरेको बजेट वक्तव्यमा आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन गर्ने लक्ष्य रहेका कार्यक्रमहरुमध्ये देहायका केही कार्यक्रमहरु कार्यान्वयनको स्थिति निम्नानुसार रहेका छन्:

| क्र.सं. | कार्यक्रम | वार्षिक बजेट (रु.हजार) | वित्तीय प्रगति |
|---|---|---|---|
| १ | बेलबारी सपिङ कम्प्लेक्स | १०००० | ० |
| २ | नगर यातायात व्यवस्थापन | ६००० | ० |
| ३ | प्रशासनिक भवन घेरावारा तथा व्यवस्थापन | १५०० | ० |
| ४ | घरनक्सा व्यवस्थापन | १००० | ० |

पालिकाले बजेटले परिलक्षित गरेका कार्यक्रम कार्यान्वयन गरी उद्देश्य हासिल गर्नु पर्दछ ।

७.९ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष आन्तिरक आयबाट रू.७,०८,८०,३९३।२६, गत आर्थिक वर्षको मौज्दातबाट रू.७,०९,४६,३१९।७२, राजस्व बाँडफाँटबाट रू.१७,९९,८४,४१९।८६ र संघीय तथा प्रदेश अनुदानबाट रू.५२,४२,७१,५९०।०१ समेत रू.८४,६०,८२,७२२।८५ प्राप्त गरेकोमा चालुतर्फ रू.५५,१०,३३,४१०।४२ र पुँजीगततर्फ रू.२६,१९,३०,५५१।४५ गरी जम्मा रू.८१,२९,६३,९६१।८७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.७२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.१,३१,९८,५२४।- खर्च भएको छ जुन आन्तरिक आयको १८.६२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६७.७८ प्रतिशत चालु र ३२.२२ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७.१० **आम्दानी खर्चको विश्लेषण** - पालिकाले विगत दुई वर्ष र आ.व.२०८०/८१ मा प्राप्त गरेको आन्तरिक राजस्व र खर्चको विवरण निम्नानुसार रहेको छ । आम्दानीतर्फ २०७८/७९ को तुलनामा २०७९/८० मा बढेको देखिन्छ भने २०७९/८० को तुलनामा २०८०/८१ मा घटेको देखिन्छ । साविकमा जनसहभागिताबाट प्राप्त रकम राजस्व आम्दानी बाँध्ने गरेकोमा यस आर्थिक वर्षमा उक्त रकम समावेश नभएकोले यस आर्थिक वर्षमा राजस्व आम्दानी घटेको देखिएको भन्ने पालिकाको भनाई रहेको छ । त्यस्तै चालु खर्च २०७८/७९ को तुलनामा २०७९/८० मा बढेको तर २०७९/८० को तुलनामा २०८०/८१ मा घटेको देखिन्छ । पुँजीगत खर्चतर्फ २०७८/७९ बाट क्रमिक रुपमा घट्दो क्रम देखिन्छ । स्थीर पुँजी निर्माण गर्ने र पालिकाको आन्तरिक आम्दानीलाई टेवा पुग्ने प्रकृतिका पुँजीगत निर्माण गरी पुँजीगत खर्च बढाउनु पर्ने देखिन्छ ।

| **आर्थिक वर्ष** | **२०८०।८१** | **२०७९।८०** | **२०७८।७९** |
|---|---|---|---|
| राजस्व आम्दानी | ७०८८०३९३.२६ | ८५५५३०४४.३७ | ६५९९१९७४.०५ |
| चालु खर्च | ५५१०३३४१०.४२ | ५८०००४१२९.७४ | ५१६८५५०२४.२८ |
| पुँजीगत खर्च | २६१९३०५५१.४५ | २८१८३४६५२.३७ | ४२५७६५३८३.४८ |

८ **योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले योजना बनाउँदा सामुदायिक भवन, सडक, पैनी, कल्भर्ट निर्माण, औषधी खरिद लगायतमा सालवसाली बजेट विनियोजन गरी खर्च गरेतापनि आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट गरेको देखिएन । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ ।

## ९ आयोजना बैंक

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्ने व्यवस्था छ । पालिकाले आयोजना बैंक बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

## १० दिगो विकास लक्ष्यहरूको स्थानीयकरण

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धी विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्तितर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

## ११ सूचना प्रविधी सञ्चालन

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरू विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरू सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरको प्रयोगकर्ताहरूको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन्, आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्युतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

## १२ खरिद तथा ठेक्का अभिलेख

१२.१ **खरिद योजना/गुरूयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.२६ करोड १९ लाख ३० हजार पुँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना बनाएको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२.२ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखबाट कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । कार्यालयले उक्त विवरण देखिने गरी ठेक्का अभिलेख राखेको देखिएन ।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

१२.३ **खरिद कारवाही अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरू संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरूमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम अभिलेख तयार गर्नु पर्दछ ।

१३ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

१४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, आर्थिक विवरण बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा मासिक प्रतिवेदन दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ३३ वटाको मात्र विवरण दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१५ **विपद् व्यवस्थापन कोष**

**बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले विपद् व्यवस्थापन कोष शीर्षकको गो.भौ.नं.६४ मिति २०८१/०३/२४ बाट लोहन्द्रा खोला पर्कु पाइन निर्माण वापत जनआदर्श टोल विकास संस्था बेलवारी-१ लाई भुक्तानी दिँदा पेश भएको कागजातभन्दा बढीको भुक्तानी दिएको देखियो । यसरी बढी भुक्तानी दिएको निम्नानुसारको रकम सम्बन्धित टोल विकास संस्थाबाट असुल गर्नु पर्ने रु.

| पेश भएका विल भरपाई | श्रम सहभागिता | भुक्तानी दिनु पर्ने रकम | भुक्तानी दिएको रकम | बढी भुक्तानी असुल गर्नु पर्ने रु . |
|---|---|---|---|---|
| बाँस खरिद रु . ४९५८०० , ज्याला रु . १९६८०० , मेसिन प्रयोग वापत रु . ८९२७० र बाँसको झिक्रा खरिद रु . १९८०० गरी जम्मा रु . ८०१६७० | ८८६२० | ७१३०५० | ७९५००० | ८१९५० |

| असुल गर्नुपर्ने | ८१,९५० |
|---|---|

१६ **भ्रमण खर्च**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने छ । पालिकाले भ्रमण खर्चमा रू.२४,२८,६७५।- खर्च लेखेको छ । पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अभिलेख खाता प्रयोग नगरेको, भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पूर्ण अवधीको कार्य विवरण खुल्ने गरी पेश गरेको देखिएन । साथै एउटै भ्रमणको दोहोरो भुक्तानी गरेको, भ्रमण खर्च भुक्तानी गरेकोमा भ्रमण अवधिको बिचमा पालिकाको बैठकमा उपस्थित भएको समेत देखिन्छ । नगरपालिका प्रमुखले आफ्नो भ्रमण आदेश स्वयम् स्वीकृत गर्ने गरेकोमा कार्यपालिकाबाट अनुमोदन भएको पाइएन । पालिकाले भ्रमण खर्च गर्दा उल्लेखित नियम तथा कार्यविधिहरुको पालना गर्दै भ्रमण खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१७ **पेस्की बाँकी**

१७.१ **पदाधिकारी,कर्मचारी तथा व्यक्तिग पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्न निम्नानुसार पदाधिकारी, कर्मचारी तथा व्यक्तिहरूलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रू.२४,३९,०००।- बाँकी रहेको छ । नियमावलीले तोकेको अवधीभित्र फस्र्यौट गर्नेतर्फ पेस्की लिने र दिने दुवैले ध्यान दिनु पर्दछ ।

| क्र. सं. | गो. भौ. नं. | पेस्कीको विवरण | पेस्की लिनेको नाम | चालु आ. व. को | गत आ. व. सम्मको | जम्मा बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| कर्मचारी | | | | | | | |
| १ | १५२५ | नगर सभा सञ्चालन | सूचना प्रविधी अधिकृत कृष्ण न्यौपाने | ३३५५०० | ० | ३३५५०० | आ. व . २०८१ / ८२ मा फस्र्यौट गरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश गरेको । |
| संस्थागत | | | | | | | |
| १ | १४ | हाट बजार व्यवस्थापन | बेलबारी (सोमबारे) बजार व्यवस्थापन समिति | ० | २८५०० | २८५०० | |
| २ | ४६३ | एम्बुलेन्स खरिद | अग्री इन्कर्पोरेटेड प्रा. लि. | १०००००० | ० | १०००००० | सम्बन्धित दफामा लगती कायम भएकोले सैद्धान्तिक गरिएको । |
| ३ | १४८४ | एम्बुलेन्स खरिद | अग्री इन्कर्पोरेटेड प्रा. लि. | १०००००० | ० | १०००००० | |
| व्यक्तिगत | | | | | | | |
| १ | १२६ | खेलकुद विकास कार्यक्रम | तुलसा विश्वकर्मा | ० | ७५००० | ७५००० | |
| जम्मा | | | | २३३५५०० | १०३५०० | २४३९००० | |

१७.२

**मोबिलाइजेशन पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेस्की फर्स्यौट सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले गत आर्थिक वर्षसम्ममा र यस आर्थिक वर्षमा निर्माण व्यवसायीलाई दिइएको मोबिलाइजेशन पेस्की रू.१,९५,६१,९००।- आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । पालिकाले निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त र नियमानुसार बाँकी पेस्की फर्स्यौट गर्नुपर्दछ ।

| **क्र. सं.** | **पेस्की लिने निर्माण व्यवसायी नाम** | **पेस्कीको विवरण** | **चालु आर्थिक वर्षको** | **गत आर्थिक वर्षसम्मको** | **जम्मा बाँकी** |
|---|---|---|---|---|---|
| १ | रबिना-अविशा-अभियान जे. भी. | व्यापारिक कम्प्लेक्स वडा नं. १ | ० | ३१३५००० | ३१३५००० |
| २ | रबिना-अविशा-अभियान जे. भी. | व्यापारिक कम्प्लेक्स वडा नं. १ | ० | ६८५३३६ | ६८५३३६ |
| ३ | रबिना-अविशा-अभियान जे. भी. | समपुरक कोष सडक बोर्ड समेत | ० | ४७८६६४ | ४७८६६४ |
| ४ | सुनसरी गढी कन्स्ट्रक्सन एण्ड कम्पनी | धैती पुल बाट शान्ति टोल जाने बाटो कालोपत्रे (नगर साझेदारी कार्यक्रम) | ० | ४२५००० | ४२५००० |
| ५ | धर्मराज कन्स्ट्रक्सन | धोकर जानेबाटो विकास बस्नेतको घरहुदै दक्षिण विद्यालय सम्म नाला सहित कालो पत्रे बेलवारी ५ | ० | १४८५००० | १४८५००० |
| ६ | अग्रीम-पि. पि. जे. भी. | सित भण्डार कोल्ड स्टोरेज | ० | ८१६८९०० | ८१६८९०० |
| ७ | धर्मराज कन्स्ट्रक्सन | धोकर जानेबाटो विकास बस्नेतको घरहुँदै दक्षिण विद्यालय सम्म नाला सहित कालोपत्रे बेलवारी ५ | ० | १५७८००० | १५७८००० |
| ८ | शिमला कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी | ३८२ राजमार्ग देखि उत्तर रिमते पर्यटकिय क्षेत्र सम्म ड्रेन निर्माण शुक्रपथ मार्ग | २८८००० | ० | २८८००० |
| ९ | बेरीटेक इन्फ्रास्ट्रक्चर प्राइभेट लिमिटेड | २९३ सडक बोर्ड नेपाल | ९९२५०० | ० | ९९२५०० |
| १० | डि. वी. कन्ट्रक्सन सेवा | २९० बाटोमा पेवल व्यवस्थापन | ६६६५०० | ० | ६६६५०० |
| ११ | डि. वी. कन्ट्रक्सन सेवा | ३९८ वडा कार्यालय पश्चिम कृषि मार्ग जोड्ने बाटोमा ब्लक निर्माण | ६६६५०० | ० | ६६६५०० |
| १२ | बेरीटेक इन्फ्रास्ट्रक्चर प्राइभेट लिमिटेड | २९३ सडक बोर्ड नेपाल | ९९२५०० | ० | ९९२५०० |
| **जम्मा** | | | **३६०६०००** | **१५९५५९००** | **१९५६१९००** |

१८ **कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाई प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जीवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## १९ कार्यक्रमको अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय योजना कार्यक्रममा रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले नियमित अनुगमन, नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । पालिकाले निम्नानुसार कृषि तथा पशु विकासतर्फ कार्यक्रम बजेट स्वीकृत गरी खर्च गरेकोमा कृषि तथा पशु कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि नबनाएको, एकै प्रकृतिको कार्यक्रमको लागि समेत फरक फरक प्रतिशत लागत साझेदारी रहेको साथै कार्यक्रमको अनुगमन गरी संचालित कार्यक्रमको प्रभावकारिता तथा यसबाट जीवनस्तरमा आएको सुधार सम्बन्धमा प्रतिवेदन तयार गरिएको देखिएन। कृषि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि तयार गरी सो बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने र संचालित कार्यक्रमको प्रभावकारी अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| क्र. स. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकम |
|---|---|---|
| १ | सुपारीको विरुवा खरिद र वितरण | १५०००० |
| २ | सिलाई मेसिन वितरण | १९७९७६ |
| ३ | ७५% अनुदानमा गोला सहितको मौरी घार वितरण | १९७५७५ |
| ४ | ५०% अनुदानमा उन्नत जातको मकै बीउ वितरण कार्यक्रम (रामपुर कम्पोजिट) | १३९५०० |
| ५ | ५०% अनुदानमा मागको आधारमा व्यवसायिक तरकारी कृषकलाई बीउ वितरण | १९९८७० |
| ६ | ५०% अनुदानमा च्याउको स्पन वितरण | २९,९२५.०० |
| ७ | मकै खेती गर्ने किसानलाई बिउ खरिदमा ५०% अनुदान | २४९६०० |
| **जम्मा** | | **११६४४४६** |

## २० संगठन तथा कर्मचारी व्यवस्थापन

२०.१ **प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ,राजस्व क्षमता,खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ७ मा ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा रहेका कर्मचारीको स्थायी दरबन्दीको विवरण ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र प्रदेश किताबखानामा पद दर्ता गर्न पठाउनु पर्ने उल्लेख छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३६ जनाको दरबन्दी स्वीकृत रहेकोमा १३३ जना पदपूर्ती भएको छ । सो मध्ये ६८ जना करारमा पदपूर्ती भएको देखिन्छ । दरबन्दी अनुसारको पदपूर्ती गरी सेवा प्रवाहलाई व्यवस्थित गर्नु पर्दछ ।

२०.२ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट गाउँपालिकाका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराउनुपर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई कर्मचारीको पारिश्रमिक खर्च लेखेको छ । पारिश्रमिक खर्च लेख्दा स्थायी, करार र ज्यालादारीको एकमुष्ठ खर्च लेखेको देखियो । सम्बन्धित शीर्षकबाट खर्च लेख्नु पर्दछ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२०.३ **कर्मचारी कल्याणकोष** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण,औषधी उपचार लगायतका सुविधा उपलब्ध

गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाले यस वर्ष एकमुष्ट रुपमा कर्मचारी कल्याणकोषमा रु.३० लाख रकम ट्रान्सफर गरेको देखियो । पालिकाले कोषको रकम परिचालन गरी कोष बृद्धि गर्न सो रकमको परिचालन सम्बन्धी कानुनी व्यवस्था गरेको देखिएन ।

२०.४ **करार कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ मा पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यसरी सेवा लिएको अवस्थामा सेवा करार वापत दिइने पारिश्रमिक सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । सेवा करार सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् :

(क) पालिकाले यस वर्ष गाउँपालिका चालुबाट विभिन्न पदमा ९८ जना कर्मचारी करारमा राखी निजहरूको तलब भत्ता बापत रु.३,९४,९३,४२९।- खर्च लेखेको छ । यस वर्ष पालिकाको आन्तरिक आम्दानी रु.७ करोड ८ लाख ८० हजार रहेको छ । सोको तुलनामा करारमा कर्मचारी पदपूर्ती गरी आन्तरिक आम्दानीको ५५.७२ प्रतिशत खर्च गरेको देखिन्छ । ऐनको व्यवस्था बमोजिम आन्तरिक आयले धान्न सक्ने गरी करारमा कर्मचारी पदपूर्ती गर्नुपर्दछ ।

(ख) पालिकाले ऐन बमोजिम करार सेवामा नियुक्ती गर्न सकिने पद बाहेक रिक्त दरबन्दीमा समेत करार मार्फत पदपूर्ति गरी खर्च लेखेको छ । रिक्त पदहरू पूर्ती गरी करारका कर्मचारीहरूमा भई रहेको खर्च कम गर्न पहल गर्नुपर्दछ ।

(ग) पालिकाले स्वीकृत दरबन्दी बाहिर कम्प्युटर अपरेटर १ जना, सहायक कम्प्युटर अपरेटर ५ जना, अनमी ३ जना, निजी सचिव १ जना, पव्लिक हेल्थ नर्स १ जना, ल्याव असिष्टेण्ट २ जना, सव-इन्जिनियर ३ जना र सहायक पाँचौ ४ जना गरी २० जना करारमा नियुक्ति गरी बर्ष भरीमा निजको तलब भत्ता बापत रु.८९,६८,४०३।- भुक्तानी गरेको छ । यसरी स्वीकृत दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८९,६८,४०३ |

२०.५ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी विधेयक, २०७९ सभाबाट स्वीकृत गरी सो विधेयकको दफा ५ मा थप प्रोत्साहन सुविधा दिनसक्ने व्यवस्था गरी पालिकाका कर्मचारीलाई कार्यसम्पादनमा आधारित मूल्यांकन फाराम भराई सो मूल्यांकनका आधारमा खाइपाई आएको तलवको ५० प्रतिशत सम्म भत्ता भुक्तानी गरेको देखियो । सो विधेयकको दफा ५(२)(ख) मा भएको व्यवस्था अनुसार घटीमा मासिक ४० घण्टा अतिरिक्त समय कार्य गरेको हुनु पर्ने व्यवस्था भएकोमा ई-हाजिरी तथा लिखित हाजिर समेत प्रमाणित नगरी एकमुष्ट जेठ महिनामा रु.६३,८६,५१५।- खर्च लेखी भत्ता भुक्तानी गरेको छ । यसरी स्थानीय सरकार संचालन ऐनको दफा ८६(१) को व्यवस्था अनुसार संघीय कानुन बमोजिमको सिद्धान्त र मापदण्ड विपरित हुने गरी विधेयकका आधारमा सो विधेयकमा भएको व्यवस्था समेतलाई पालना नगरी वार्षिक रुपमा भुक्तानी दिएकोले सो विधेयकमा भएको व्यवस्थाको पालना गरेर मात्र आन्तरिक आयलाई मध्यनजर गर्दै भत्ता भुक्तानी दिनुपर्दछ ।

## २१ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदन म.ले.प. फारम नं.४११ बमोजिम तयार गरेको देखिएन। जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख नगरेकोले जिन्सीको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । तोकिएको फारमको प्रयोग गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरूको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पालिकाले खरिद गरेका जिन्सी सामग्रीहरूको पूर्ण रुपमा PAMS मा अभिलेख राखेको देखिएन साथै वडागत रूपमा खरिद भएका जिन्सीहरू समेत वडा कार्यालयमा जिन्सी खाता तयार गरी मेनुयल रूपमा दाखिला गरी प्रविष्टी गरेको पाइयो । अनिवार्य रूपमा PAMS मा जिन्सी दाखिला गरी एकीकृत जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

• पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा पालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जगाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको देखिएन । पालिकाको नाममा रहेका सबै घर जग्गाको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।

• महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागु गरेको र PAMS-V2 मा यस अघि PAMS मा दाखिला गरेका खर्च भएर नजाने जिन्सीको मौज्दात मात्र अल्या गर्ने र खर्च भएर जाने जिन्सीको मौज्दात अल्या नगर्ने भएकोले आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा रहेका खर्च भएर जाने जिन्सीको मौज्दात मेनुयल रूपमा जिम्मेवारी सार्नु पर्नेमा पालिकाले सो गरेको छैन् । गत वर्षको बाँकी मौज्दात चालु वर्ष जिम्मेवारी सारी सोको प्रमाण पेश गर्नु पर्दछ ।

२२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२३ **सेवा प्रवाहको अवस्था**

कार्यालयको मूख्य उद्धेश्य सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, सामाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ निम्नानुसार सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

| क्र. सं . | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ६७९७ | ६७९७ |
| २ | घरबाटो सिफारिस | ३७९० | ३७९० |
| ३ | नाता प्रमाणित | ५६४९ | ५६४९ |
| ४ | जन्म, मृत्यु दर्ता | १३९८ | १३९८ |
| ५ | अन्य | १३००१ | १३००१ |

२४ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३२ वटा ऐन, ७ वटा नियमावली, ५२ वटा कार्यविधि, ५ वटा निर्देशिका र १ वटा नर्म्स गरी जम्मा ९७ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले नमुना कानुनका आधारमा आवश्यक कानुनहरू निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

२५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ वटा र यो वर्ष ९४ वटा विवाद दर्ता भई जम्मा १०७ वटा उजुरी रहेकोमा ६६ वटा फर्स्यौट भई फर्स्यौट हुन बाँकी ४१ वटा देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २६ आर्थिक सहायता र विविध खर्च

२६.१ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकातर्फ रू.४०,२६,५१४।३० र वडातर्फ वडा कार्यालय सञ्चालन खर्चमा नै समावेश गरी खर्च गरेको छ । त्यस नगर सभा सञ्चालन खर्च वापत रू.९,५६,५५०।- खर्च लेखेको छ । पालिकाले अधिकांश भुक्तानीमा कार्यक्रम, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परीक्षण गर्न सकिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.७,०८,८०,३९३।२६ को ७.०३ प्रतिशत हुन आउँछ । पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

२६.२ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष पालिकाले विभिन्न खर्च शीर्षकमा बजेट विनियोजन गरी आर्थिक सहायता वितरण सम्बन्धी मापदण्ड तयार गरी विभिन्न व्यक्ति तथा संस्थाहरूलाई निम्नानुसार रु.२,२०,५६,८८०।३१ खर्च लेखी आर्थिक सहायता वितरण गरेको छ । वितरण गरेको रकम प्राप्त गर्ने नागरिकको विवरण तयार गरी पालिकाले आफ्नो विद्युतिय साईटमा विवरण सार्वजनिक गरेको छैन । पालिकाले आर्थिक सहायता वितरण गर्दा आन्तरिक श्रोतलाई ध्यान दिई सोही बजेटबाट यस्तो खर्च लेख्नु पर्दछ । पालिकाले यस वर्ष वितरण गरेको आर्थिक सहायताको ठूलो हिस्सा नेपाल सरकार समानिकरण अनुदानको देखिन्छ । प्राप्त अनुदान रकमलाई दिगो पूर्वाधार निर्माण गर्ने क्षेत्रमा खर्च गर्नु पर्दछ । साथै आर्थिक सहायतामा वितरित रकमको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने नागरिकको नाम, ठेगाना र आर्थिक सहायताको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकीरण गर्नु पर्दछ ।

| बजेट शीर्षक | स्रोत | बजेट | खर्च तथा वितरण | कैफियत |
|---|---|---|---|---|
| नगरपालिकाको बजेटबाट | | | | |
| दुखमा नगरपालिका | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००० .०० | २२५८४५५.०० | |
| छोरी बचाउ शीर्षक | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००० .०० | ६०५०००.०० | |
| जनता उपचार कोष | नेपाल सरकार - समानिकरण अनुदान | ८०००००० .०० | ८४५३३७४.०० | बजेट नपुग भएकोले आ.व.२०८१/८२ मा भुक्तानी बाँकी प्रमाणित गरी रु.५४०००० हजार २०८१ भाद्र ९ मा खर्च लेखेको । |
| अन्य सामाजिक क्षेत्र सुधार | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००० .०० | २९९९९९९.९३ | |
| अन्य सामाजिक क्षेत्र सुधार कार्यक्रम | नेपाल सरकार - राजस्व बाँडफाँड | १४००००० .०० | १३९४७१४.३८ | |
| पिछडा वर्ग उत्थान कार्यक्रम | आन्तरिक श्रोत | ६०००००.०० | ४७७५००.०० | |
| दलित वर्ग उत्थान कार्यक्रम | आन्तरिक श्रोत | ६०००००.०० | ५१००००.०० | |
| प्रकोष व्यवस्थापन कोषबाट | | | | |
| प्रकोप व्यवस्थापन कोष | आन्तरिक श्रोत | - | १३६४३३७.०० | |
| वडाको बजेटबाट | | | | |
| विपन्न परिवार स्वास्थ्य बिमा | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००.०० | २९९०००.०० | |
| विपन्न परिवार तथा महिला बालबालिकालाई आकस्मिक सहयोग | नेपाल सरकार - समानिकरण अनुदान | २०००००.०० | १९९०००.०० | |
| आर्थिक र सामजिकरुपमा विपन्न वर्गलाई आकस्मिक तथा विविध सहयेग | नेपाल सरकार - समानिकरण अनुदान | २०००००.०० | २०००००.०० | |
| विपन्न तथा असाहयलाई आकस्मिक र अन्य सहयोग | नेपाल सरकार - समानिकरण अनुदान | ५००००.०० | ५००००.०० | |
| स्वास्थ्य बिमा कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ५०००००.०० | ५०००००.०० | |
| विपन्न वर्गलाई स्वास्थ्य बिमा | नेपाल सरकार - समानिकरण | ५०००००.०० | ५०००००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | अनुदान | | | |
| दैविक प्रकोप तथा आकस्मिक सहयोग | नेपाल सरकार - समानिकरण अनुदान | १३५०००.०० | १३५०००.०० | |
| आकस्मिक सहयोग | नेपाल सरकार - समानिकरण अनुदान | २०००००.०० | २०००००.०० | |
| आर्थिक तथा विपन्न वर्गलाई आकस्मिक सहयोग | नेपाल सरकार - समानिकरण अनुदान | २०००००.०० | २०००००.०० | |
| आर्थिक तथा विपन्न वर्गलाई आकस्मिक सहयोग | नेपाल सरकार - समानिकरण अनुदान | १५००००.०० | १५००००.०० | |
| विपन्न परिवार तथा महिला बालबालिकालाई आकस्मिक सहयोग | नेपाल सरकार - समानिकरण अनुदान | २०००००.०० | २०००००.०० | |
| विपन्न परिवार स्वास्थ्य बिमा | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००.०० | २९७५००.०० | |
| आकस्मिक तथा अन्य सहयोग कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | १५००००.०० | १५००००.०० | |
| स्वास्थ्य बिमा कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००.०० | ३०००००.०० | |
| स्वास्थ्य बिमा सहयोग कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | २१३०००.०० | २१३०००.०० | |
| विपन्न परिवार तथा अन्य सहयोग | नेपाल सरकार - समानिकरण अनुदान | २०००००.०० | २०००००.०० | |
| विपन्न परिवारलाई स्वास्थ्य बिमा | नेपाल सरकार - समानिकरण अनुदान | २०००००.०० | २०००००.०० | |
| **जम्मा** | | **२३५९८०००.००** | **२२०५६८८०.३१** | |

२७ **खेलकुद कार्यक्रम खर्च**

पुँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका कार्यक्रममा पालिका तथा

वडागत रुपमा बजेट विनियोजन तथा कार्यपालिकाबाट रकमान्तर गरी सञ्चालन गरेको देखियो । पालिकाको यस वर्ष आन्तरिक आय रु.७ करोड ८ लाख ८० हजार रहेकोमा खेलकुद कार्यक्रममा मात्र रु.६२ लाख ८७ हजार खर्च गरेको छ जुन आन्तरिक आयको ८.८७ प्रतिशत रहेको छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| क्र. सं. | कार्यक्रम/ आयोजना / क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| ८०११३४०३११८ सार्वजनिक सेवा तथा क्षमता विकास / सूचना प्रविधी / खेलकुद | | | |
| १ | २०६ खेलकुद कार्यक्रम सञ्चालन सहयोग | ६००००० | ६००००० |
| २ | २०५ बेलबारी नगरपालिकाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा खेलाडिहरूलाई सहभागिता सहयोग | ४००००० | ३१६७५० |
| ३ | २०६ खेलकुद कार्यक्रम सञ्चालन सहयोग | ४००००० | ४००००० |
| ४ | २०० बेलवारी अन्तराष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिता सञ्चालन व्यवस्थापन | १०००००० | १०००००० |
| ५ | १९९ नगरस्तरीय क्रिकेट प्रतियोगिता सञ्चालन व्यवस्थापन | ३००००० | २००००० |
| ६ | १९७ बेलबारी नगर प्रमुख कप फुटबल सञ्चालन व्यवस्थापन | ५००००० | ५००००० |
| ७ | २०२ खेलाडी सम्मान कार्यक्रम | ४००००० | १५०००० |
| ८ | २०७ खेलकुद विकासका लागि प्रशिक्षण | ६००००० | २९५००० |
| ९ | २०४ वडास्तरीय विभिन्न खेलहरू साझेदारी व्यवस्थापन | ४००००० | ४००००० |
| १० | १९८ बेलबारी उपप्रमुख कप महिला भलिबल सञ्चालन व्यवस्थापन | ५००००० | ५००००० |
| ८०११३४०३२०१ बेलवारी नगरपालिका वडा नं. १ | | | |
| ११ | ३५३ खेलकुद विकास | १५०००० | १५०००० |
| ८०११३४०३२०२ बेलवारी नगरपालिका वडा नं. २ | | | |
| १२ | ३७६ युवा तथा खेलकुद | २००००० | १९६२८१ |
| ८०११३४०३२०३ बेलवारी नगरपालिका वडा नं. ३ | | | |
| १३ | ३९८ खेलकुद सामाग्री खरिद | ५०००० | ४९६३० |
| १४ | ३९७ युवा तथा खेलकुद | १५०००० | १५०००० |
| ८०११३४०३२०४ बेलवारी नगरपालिका वडा नं. ४ | | | |
| १५ | ४१४ खेलकुद तथा खेल सामाग्री सहयोग | १५०००० | १४९६६९ |
| ८०११३४०३२०५ बेलवारी नगरपालिकावडा नं. ५ | | | |
| १६ | ४४० ५ न खेलकुदका लागि बजेट | २५०००० | २४०७३४ |
| ८०११३४०३२०६ बेलवारी नगरपालिका वडा नं. ६ | | | |
| १७ | ४६९ खेलकुद तथा खेल सामाग्री सहयोग | १००००० | ९९५५३ |
| ८०११३४०३२०७ बेलवारी नगरपालिका वडा नं. ७ | | | |
| १८ | ४८९ युवा तथा खेलकुद | ५०००० | ४९७२० |
| ८०११३४०३२०८ बेलवारी नगरपालिका वडा नं. ८ | | | |
| १९ | ५११ खेलकुद विकास | २००००० | १९४४१६ |
| ८०११३४०३२०९ बेलवारी नगरपालिका वडा नं. ९ | | | |
| २० | ५२८ खेलकुद कार्यक्रम | १००००० | ९९२०८ |
| | | | |

| | | | |
|---|---|---|---|
| ८०११३४०३२१० बेलवारी नगरपालिका वडा नं. १० | | | |
| २१ | ५४४ खेलकुद विकास कार्यक्रम | ३००००० | २९६००० |
| ८०११३४०३२११ बेलवारी नगरपालिका वडा नं. ११ | | | |
| २२ | ५५६ खेल सामाग्री वितरण खेलकुद कार्यक्रम खेल मैदान निर्माण | ३००००० | २४९८७३ |
| जम्मा | | ७१००००० | ६२८६८३३ |

२८ **अन्य निकायको खर्च**

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरूको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका संघ/संस्था र कार्यालयहरूलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरूको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका कार्यालय तथा सघंसंस्थाहरूलाई विभिन्न कामको लागि भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| **गो. भौ . नं .- मिति** | **कार्यलय/ संस्थाको नाम** | **वापत** | **भुक्तानी रकम** |
|---|---|---|---|
| गा. पा . चालु | | | |
| ६४९- २०८० / १२ / ०२ | सशस्त्र प्रहरी वल, लक्ष्मीमार्ग | गाडी मर्मत | १६८६४१ |
| ७४३- २०८० / १२ / २० | मालपोत कार्यालय बेलवारी | कम्प्यूटर मर्मत लगायतको खर्च | ५५१४४ |
| प्रदेश पुँजीगत | | | |
| २२- २०८१।३।२० | जिल्ला समन्वय समिति | मर्मत सम्भार | ९९१६३ |
| जम्मा | | | ३२२९४८ |

२९ **संघसंस्था अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायको संस्थालाई प्रशासनिक तथा निर्माण कार्यको लागि रकम अनुदान दिएको पाइयो । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र पालिकाले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ। निजी उद्देश्यले स्थापना भएका संस्थाको नाममा बजेट विनियोजन गरी रकम भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौचर नं र मिति | व्यक्ति/ संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १३९३- २०८१।३।२० चालु | नेपाल माझी उत्थान संघ | घेरावार निर्माण | १११२९६ |
| १७३- २०८१।१।९ पुँजीगत | नेपाल तामाङ बौद्ध गुम्बा | भवन निर्माण | ६९२२९४ |
| १७५- २०८१।१।१२ | डाँगीहाट व्याडमिन्टन क्लब | कार्यक्रम | २५९०५ |
| १८७- २०८१।१।१६ | नेपाल तमु बुद्धिष्ट गुम्बा सञ्चालक समिति | बौद्ध दाह संस्कार स्थल निर्माण | ३९८३४६ |
| २०२- २०८१।१।१२६ | नेपाल आदिवासी जनजाति महासंघ वडा समन्वय परिषद् | अधुरो भवन मर्मत | ९७२५९ |
| ३६६- २०८१।३।१६ | बेलबारी क्रिकेट क्लब | पूर्वाधार निर्माण | १९९१४५ |
| ४२१- २०८१।३।२० | बाहुनी तेक्वान्दो डोजाङ बेलवारी | व्यायमशालाको लागि सामाग्री खरिद | १२०००० |
| जम्मा | | | १६४४२४५ |

३० **कोषहरूको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा रहेका कोष तथा साविक पालिकाका खाताहरूमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम कोषहरूको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तीको अभिलेख राख्नुपर्दछ ।

३१ **सिप विकास तथा रोजगारी मुलक तालिम**

प्रत्येक वर्ष लक्षित वर्गका लागि सिप मुलक तथा रोजगार मुलक तालिमहरू संचालन हुने गरेकोमा हाल सम्म के कति जनाले कुन प्रकारका तालिम लिए तालिमको उदेश्य अनुसार स्वरोजगार वा रोजगारी श्रृजना भएका छन कि छैन, तालिम लिएका लाभग्राहीको शिप तथा क्षमता विकास भएर जिवन स्तरमा सुधार भै समुदायमा सकरात्मक परिवर्तन भएको छ की छैन भनी पालिकाले अनुगमन गरी तालिममा भएको लागत खर्च र उपलब्धको विश्लेषण गरी तालिम लिई सकेका र लिनु पर्ने लक्षित वर्गको कुनै अभिलेख राखेको देखिएन । पालिकाको श्रोत र साधन तथा लक्षित वर्गको लागि आवश्यकता भएको तालिमको पहिचान गरि तालिम कार्यक्रम राखेको देखीएन । पालिकाले गत वर्ष देखि एकै प्रकारका तालिमहरू एकै प्रकारका तालिम दाताहरूबाट संचालन गरी रहेकोले तालिमका सहभागिहरू एकै प्रकारको तालिममा दोहोरीएका वा एकै व्याक्तिले धेरै प्रकारका तालिममा सहभागिता जनाएका छन् प्रष्ट हुने अभिलेख नदेखिएकोले कार्यक्रमबाट अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन ।

३२ **प्रदेश समपूरक**

नदी नियन्त्रण तथा घाट व्यवस्थान विपद् जोखिम न्यूनीकरण (ठेक्का नं. BM/MOR/W/NCB-16-2080-81 ):

प्रदेश समपूरक अनुदान कार्यविधिको बुँदा नं. ४ मा कुल लागतको बढीमा पैंसठ्ठी प्रतिशतसम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने र बुँदा नं १० मा समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना तोकिएको समय अवधिभित्र सम्पन्न गरी सक्नुपर्ने उल्लेख छ। नगरपालिकाले रू.१,५८,३३,५५७।४५ लागत अनुमान रहेको नदी नियन्त्रण तथा घाट व्यवस्थान वडा नं ७ २०८१।३।२० भित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण व्यवसायी भाष्कर कन्स्ट्रकसनसँग २०८१।२।३ मा रु.१,११,१६,२००।०५ को खरिद सम्झौता गरेको छ । उक्त निर्माण कार्यमा यस वर्ष तेस्रो रनिङ बिलसम्म रु.७२,१५,१०३।६६ निकासा खर्च भएको छ । पालिकाले उक्त योजनामा भएको खर्चको ६५ प्रतिशतको हिसाबले प्रदेश समपूरकतर्फ रु.४६,८९,८१७।३८ मात्र खर्च लेख्नुपर्नेमा रु.७२,१५,१०३।६६ खर्च लेखेको छ । प्रदेश समपूरक अनुदानबाट बढी खर्च लेखेको रु.२५,२५,२८६।२८ अनुदान फिर्ता गर्नु पर्नेमा सो फिर्ता गर्न बाँकी देखियो । उक्त रकम प्रदेश सञ्चितकोष फिर्ता गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,२५,२८६ |

३३ **विशेष अनुदान रकम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **४९१,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३४ **सफ्टवेयर खरिद**

पालिकाले यस वर्ष किसान केयर प्रा.लि.बाट कृषि एप खरिद गरी भौचर नं.१२७१ मिति २०८१/०३/१२ बाट रू.३९९११६.०० खर्च लेखेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार छन् :

क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नको लागि कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सफ्टवेयर खरिद गर्दा लागत अनुमान र कार्यक्षेत्रगत शर्त तयार नगरी परामर्शदातासँग सोझै प्रस्ताव माग गरी खरिद गरेको देखियो । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लिखित व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

ख) नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका,२०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले खरिद गरेको उक्त सफ्टवेयरको सेक्युरिटी अडिट टेस्ट तथा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै प्रणाली र डाटावेसको ब्याकअप सम्बन्धी व्यवस्था भएको देखिएन । अतः पालिकाले सफ्टवेयरको ब्याकअपको व्यवस्था गरी यस्ता सफ्टवेयर स्वीकृति लिई मात्र प्रयोग गर्नुपर्दछ ।

३५ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

३६ **कर कट्टी**

सार्वजनिक खरिद नियमावली,२०६४ को दफा १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने उल्लेख छ । साथै आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

| **भौ०नं०- मिति** | **विवरण** | **भुक्तानी पाउने** | **भुक्तानी रकम** | **कर कट्टी गर्नु पर्ने रकम** | **कट्टी भएको रकम** | **असुल गर्नुपर्ने रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| २६६- २०८० / ०८ / ११ | थारु कार्यक्रम सञ्चालन | थारु फिल्म एण्ड कल्चरल एसिसएसन | ५०००० | ७५०० | ७५० | ६७५० | टुक्रे विल पेश तथा भरपाई पेश गरेकोमा १५ प्रतिशत कर कट्टी गर्नु पर्नेमा सो नगरी घटी कट्टी गरी भुक्तानी गरेकोले बाँकी रकम असुल गर्नु पर्ने । |
| २७५- २०८० / ०८ / १३ | जेष्ठ नागरिक कार्यक्रम | लक्ष्मीमार्ग जेष्ठ नागरिक समाज | ४५००० | ६७५० | ६७५ | ६०७५ | |
| १४३४- २०८१ / ०३ / २१ | खेलकुद सञ्चालन | श्री जनज्योती क्लव | १२५००० | १८७५० | ६५७ | १८०९३ | |
| १४०७- २०८१ / ०३ / २० | आठौँ पदस्थान तथा पुरस्कार | जे. सि . आई . बेलबारी जेसिस | ५०००० | ७५०० | ७९५ | ६७०५ | |
| **जम्मा** | | | **२७००००** | **४०५००** | **२८७७** | **३७६२३** | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **४,८७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **४,५३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ३७,६२३ |
|---|---|

३७ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य,अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राखुपर्दछ ।

३८ **वार्षिक प्रतिवेदन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३९ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राखुपर्नेमा कार्यालयले राखे गरेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । निर्माण कार्यका योजनागत कन्टिन्जेन्सी रकमको अभिलेख राखी योजनासँग सम्बन्धित कार्यमा मात्र कन्टिन्जेन्सीको सीमा भित्र रही आवश्यकता अनुसार खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

४० **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं सम्भव भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शीर्षकबाट रू.२६ करोड १९ लाख ३० हजार खर्च गरेकोमा रू.१८ करोड ९ लाख ४५ हजार अर्थात् ६९.०८ प्रतिशत बोलपत्रबाट खरिद सम्झौता गरी केही सम्पन्न भएका छन् भने केही चालु रहेका छन् । कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु.१५ लाख, सोझै रू.५७ लाख ६४ हजार, अमानतबाट रू.४ लाख र उपभोक्ता समितिबाट रू.७ करोड ४ लाख ७३ हजारको खरिद गरेको छ । सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

४१ **भुक्तानी दिन बाँकी तथा क्रमागत योजनाहरु**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने उल्लेख छ । सोही नियमावलीको नियम १६(७) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वियन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने लगायतका कार्य प्रथम त्रैमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था समेत रहेको छ । पालिकाले बजेटको अभाव तथा समयमा कार्य सम्पन्न नभएको कारण उल्लेख गरी आर्थिक वर्ष २०८०।८१ मा भुक्तानी बाँकी रु.१ करोड ९९ लाख ९६ हजार र क्रमागत योजनाहरुमा रु.३ करोड ८१ लाख ३७ हजार समेत दायित्व भुक्तानीको लागि बजेट विनियोजन गरेको छ । त्यसैगरी आर्थिक वर्ष २०८०।८१ को खर्च भुक्तानी दिन बजेट अभावको कारण उल्लेख गरी चालु र पुँजीगतमा रु.१ करोड र बहुवर्षिय क्रमागत योजनाहरुमा रु.५ करोड दायित्व भुक्तानीको लागि बजेट विनियोजन गरेको छ । पालिकाले अधिकांश ठेक्काको सूचना प्रकाशन तेस्रो त्रैमासिकको अन्त्यमा र सम्झौता चौंथो त्रैमासिकमा गरेको र वर्षातको समयमा कार्यसम्पन्न हुन नसकेको उल्लेख गरी म्याद थप गरेको अवस्था छ। वार्षिक बजेटले खाम्न नसक्ने गरी योजना सम्झौता गर्ने तथा समयमा ठेक्का बन्दोबस्त नगरी भुक्तानी बाँकी तथा क्रमागत योजनाहरुमा बजेट विनियोजन गर्दा यस आर्थिक वर्षका योजनाहरुको भुक्तानीमा चाप पर्ने भएकोले यसरी बार्षिक बजेटले खाम्न नसक्ने गरी योजना सम्झौता गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । साथै समयमा ठेक्का बन्दोबस्त गरी तोकिएको मितिमा कार्यसम्पन्न हुने गरी निर्माण कार्यसम्पन्न गराउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

४२ **खर्च वर्गीकरण तथा कर्मचारीलाई सोधभर्ना**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रूपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ ।पालिकाले वडा कार्यालयको विभिन्न शीर्षकको रकम भुक्तानी गरेको श्रेस्ता नमुना छनौट गरी परीक्षण गर्दा सेवा प्रदायक तथा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरूपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

४३ **संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा उल्लेख भएअनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । सो व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित फर्म/संस्था/कम्पनीहरुको संगठन बेलवारी उद्योग बाणिज्य संघलाई विना कार्यक्रम निशर्त अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन । उपलब्ध गराउनु पर्ने विशेष परिस्थिति सिर्जना भएको अवस्थामा त्यस्ता संस्थाले सार्वजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने कुराको सुनिश्चित हुनुपर्दछ । पालिकाले उद्योग वाणिज्य संघको प्रस्तावमा आधारित कार्यक्रम शीर्षकमा रु.५ लाख बजेट विनियोजन गरी उद्योग वाणिज्य संघले विभिन्न मितिमा गरेका खर्चको प्रमाण कागजातका आधारमा बेलबारी उद्योग बाणिज्य संघलाई रु.४,८३,२००।- भुक्तानी दिएको छ । यसरी निश्चित कार्यक्रम नतोकी संघले आफ्नो आवश्यकता अनुसार खर्च गरेका बिलहरुको एकमुष्ठ बजेट विनियोजन गरी सोधभर्ना दिनु उपयुक्त नहुने भएकोले यस्ता प्रकारका खर्च नियन्त्रण गर्नु पर्दछ ।

४४ **कर कट्टी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१३,३८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **शीर्षक फरक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्तव नियमावली २०७७ को नियम ४१ (क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरूमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्न अनुसार फरक खर्च शीर्षकबाट खर्च गरेको देखियो । सम्बन्धित शीर्षकबाट खर्च लेख्नु पर्दछ ।

| **भौचर नं र मिति** | **विवरण** | **खर्च गर्नुपर्ने शीर्षक** | **खर्च गरेको शीर्षक** | **रकम** |
|---|---|---|---|---|
| ११९- २०८०/०६/२६ | गाडी भाडा भुक्तानी | मेशिनरी औजार भाडा | घरभाडा | १९२०० |
| ७२१- २०८०/१२/१५ | खाना खाजाको रकम भुक्तानी | विविध खर्च | अन्य कार्यालय संचालन खर्च | ६२००० |
| ९३४- २०८१/०१/१८ | खेलकुदमा सहभागिताको लागि भएको खर्च | खेलकुद कार्यक्रम | अन्य सामाजिक क्षेत्र सुधार | ५२००० |
| ३०६- २०८०/०८/१९ | पदाधिकारी सुविधा | पदाधिकारी सुविधा | पारिश्रमिक कर्मचारी | ८२२००० |
| जम्मा | | | | ९५५२०० |

## ४६ आन्तरिक आय व्यवस्थापन

४६.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.१० करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा रू.७ करोड ८ लाख ८० हजार अर्थात अनुमानको ७०.८८ प्रतिशतभन्दा आय प्राप्त गरेको छ । आम्दानीका अन्य सम्भावित स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउन र राजस्व आय वृद्धि गर्नु पर्दछ ।

४६.२ **आन्तरिकआय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ -

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ८१२९६३९६१.८७ | ७०८८०३९३.२६ | ८.७२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.७२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४६.३ **आन्तरिक राजस्व अनुमान तथा असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यो वर्ष पालिकाले रु.१०,००,००,०००।- आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा देहायअनुसार रु.७,०८,८०,३९३।२६ आम्दानी गरेकोले लक्ष्यको तुलनामा २९.१२ प्रतिशत घटि आम्दानी गरेको देखियो । शीर्षकगत अनुमान र असुलीको विवरण निम्नानुसार रहेको छ:

| क्र. सं . | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर | १२००००००० | ४४४५९००.३८ | ३७.०५ |
| २ | भुमिकर/ मालपोत | १००००००० | ८९७९२२३.८३ | ८९.७९ |
| ३ | वहाल कर | १००००००० | ४२६४४६०.१५ | ४२.६४ |
| ४ | वहाल विटौरी कर | ५०००००० | ४५९५५६७ | ९१.९१ |
| ५ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४७००००० | ० | ० |
| ६ | अन्य कर | ० | ७७६६५०. | ० |
| ७ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | -३६०७५० | ० |
| ८ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | १००००० | ० | ० |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री | ७००००० | ३६०७७५ | ५१.५४ |
| १० | न्यायिक दस्तूर | ० | १३९०० | ० |
| ११ | शिक्षा क्षेत्रको आम्दानी | ० | ८००० | ० |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ४५१०० | ० |
| १३ | नक्सापास दस्तुर | १००००००० | १४९५६८०.९ | १४.९६ |
| १४ | सिफारिश दस्तुर | १७०००००० | २३४१६४८८.७३ | १३७.७४ |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००० | १३४९८०० | ६७.४९ |
| १६ | नाता प्रमाणित दस्तुर | २५००००० | ९२२२५८ | ३६.८९ |
| १७ | अन्य दस्तुर | ४०००००० | ८१४६४९६.६५ | २०३.६६ |
| १८ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १००००००० | ५०३१४०६.०५ | ५०.३१ |
| १९ | अन्य क्षेत्रको आय | ६०००००० | ८५०००० | १४.१७ |
| २० | न्यायिक दण्ड जरिवाना र जफत | १०००००० | ० | ० |
| २१ | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ५००६५०५.३६ | ० |
| २२ | अन्य राजस्व | ५०००००० | १२९९९३१.२१ | २६ |
| २३ | बेरूजु | ० | २३३००० | ० |
| जम्मा | | १०००००००००. | ७०८८०३९३.२६ | ७०.८८ |

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०/८१ मा रू.१० करोड असुली हुने अनुमान गरेकोमा रू.७ करोड ८ लाख ८० हजार असुली गरेको छ जुन असुली अनुमानको ७०.८८ प्रतिशत हो । कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ भने कतिपय शिर्षकमा अनुमान शुन्य देखिन्छ । आय अनुमानलाई वैज्ञानिक बनाई आन्तरिक आयलाई व्यवस्थित गर्न पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

४६.४ **राजश्वको अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्षको अन्त्यमा राजश्व आम्दानीको अभिलेख सुत्रमा राख्न शुरु गरे तापनि सो अघिको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता

(म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा.नं.१०७) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरूको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

४६.५ पालिकाले मूल्य अभिवृद्धि कर समेत लाग्ने गरी व्यवस्थापन गरेका ठेक्काहरुबाट संकलित मूल्य अभिवृद्धि कर पालिकाको नामबाट सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा देहायका व्यक्ति तथा फर्मबाट कवाडी कर र वहाल विटौरी शुल्क रु.४२,८९,८८२।- र सोको मूल्य अभिवृद्धि कर रु.४,९३,५२६।१९ समेतको रकम पालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेकोमा मूल्य अभिवृद्धि कर वापतको रकम संघीय सरकारको राजस्व खातामा दाखिला गरेको देखिएन । उक्त रकम संघीय राजस्व दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | नाम | हाटबजार | कबोल रकम | मूल्य अभिवृद्धि कर |
|---|---|---|---|---|
| १ | गोरेलाल खवास | बाहुनी बजार | १५१३०० | १७४०६।१९ |
| २ | सुवेदी ब्रदर्श | सोमबारे पशु हाट | ३०५०६१४ | ३५०९५५।५९ |
| ३ | ब्रदर्श ट्रेडर्स | कसेनी सोमबारे हाट | ७०८९३८ | ८१५५९।२४ |
| ४ | सनम खवास | डाँगीहाट | १२५३०० | १४४१५ |
| ५ | ललित बहादुर भण्डारी | लक्ष्मी मार्ग | १०९१४१ | १२५५६।०४ |
| ६ | शिव दंगाल | कवाडी | १४४५८९ | १६६३४।१३ |
| | जम्मा | | | ४९३५२६।१९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९३,५२६ |

४६.६ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर वापत अनुमान तथा असुली गरेको देखिएन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४६.७ **विज्ञापन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र रहेको व्यवसायीक विज्ञापनहरूको करका दर निर्धारण र संकलन पालिकाले गर्ने व्यवस्था भए अनुसार पालिकाले यस आ.व. मा कुनै पनि कर संकलन गरेको छैन । तसर्थ पालिकाले आर्थिक ऐनमा रहेको विज्ञापनका दर अनुसार पालिका क्षेत्र भित्र रहेको व्यवसायिक विज्ञापनहरूलाई करको दायरा भित्र ल्याई कर असुल गर्नु पर्दछ ।

४६.८ **सामुदायिक वनबाट आय** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

४६.९ **घर जग्गा बहाल कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्नेमा सो गरेको देखिएन ।

४६.१० **राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा राजस्व दाखिला र राजस्वको लेखा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । वडाबाट लामो समय पछी एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

४६.११ **नदिजन्य पदार्थको ठेक्का :** नगरपालिकाले चिसाङ खोलाको आईई प्रतिवेदन अनुसार २०,७६,७४५.३६ घनफिट मिक्स गिट्टीको प्रति घनमिटर रू.७ को दरले रू.१,४५,३७,२१७।५२ न्यूनतम अंक कायम गरी सूचना प्रकाशन गरेकोमा सबैभन्दा वढी बोल अंक भएको मकालु ईन्जिनियरिङ कन्सट्रक्शनको रू.१,९६,६३,७१६।७९ (मूल्य अभिबृद्धि कर बाहेक) बोलपत्र छनौट गरी सम्झौताको लागि पत्राचार गरेको देखिन्छ । तोकिएको समयमा जमानत सहित सम्झौताको लागि उपस्थित नभएकोले निजको जमानत रू.११,११,०००।- जफत गरी दोस्रो बढी कबोल रकम भएको बोलपत्रदाता शिवजी कन्स्ट्रक्सनलाई सम्झौताको लागि पत्राचार गरेको देखिन्छ । उक्त बोलपत्रदाता पनि सम्झौता गर्न नआएकोले रू.८,५०,०००।- जफत गरेको देखिन्छ । बोलपत्र स्वीकृत भएपश्चात सम्झौता गर्न उपस्थित नहुने बोलपत्र दाताको बोलपत्र जमानत जफत गरे तापनि निजहरुलाई कालोसूचीमा राख्ने प्रयोजनको लागि कार्वाही गरेको देखिएन ।

४७ **अवलोकन भ्रमण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले अवलोकन भ्रमण खर्चको भुक्तानी दिँदा भ्रमण खर्च नियमावली, २०६४ ले निर्धारण गरेको दरको आधारमा भ्रमण आदेश स्वीकृत गराएर मात्र अवलोकन भ्रमण खर्च भुक्तानी दिनु पर्नेमा सो नगरी भ्रमण अवधीमा विभिन्न मितिमा भएको खाना, खाजा तथा होटल बासको विल संलग्न गरी भुक्तानी दिने गरेको देखियो । यसरी भ्रमण खर्च नियमावलीले तोकेको दरभन्दा बढी हुने गरी पेश गरेको विलका आधारमा दैनिक भत्ताभन्दा बढी हुने गरी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

| गो.भौ.नं./मिति | भुक्तानी पाउने | अवलोकन भ्रमण गरेको स्थान | भ्रमण अवधी र संख्या | पाउने दैनिक दर | भुक्तानी पाउने रकम | भुक्तानी भएको रकम (खाना, खाजा र होटल बील खर्च) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १४४९-२०८१/०३/२२ | सरोज घिमिरे | गाईघाट, सिन्धुली , धुलिखेल र काठमाडौँ | २०८१/०३/१२-०३/१८(७ दिन) र १६जना (का.पा.सदस्यहरू) | रु.१,२००।- | १२०००० | २११२०० | ९१२०० |
| १३०२-२०८१/०३/१४ | केशव ढकाल | चितवन कास्की मुस्ताङ | २०८१/०२/०९-०२/15(७ दिन) र १५ जना उप प्रमुख समेत | रु.१,८००।- १ जना र रु.१,६००।- १४ जना | १५१२५० | ३५०००० | १९८७५० |
| **जम्मा** | | | | | | | **२८९९५०** |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **३२,७५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८९,९५० |

४८ **वडा कार्यालय सञ्चालन**

पालिकाले ११ वडाको कार्यसञ्चालनका लागि एकमुष्ट मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा प्रति वडा रु.७ लाखका दरले रु.७७ लाख विनियोजन गरी सम्पूर्ण रकम खर्च भएको देखियो । वडा कार्यालय सञ्चालनको लागि एकमुष्ट रुपमा बजेट विनियोजन गर्ने र सम्पूर्ण रकम खर्च गर्ने परिपाटीलाई निरुत्साहीत गर्दै आवश्यकताका आधारमा सञ्चालनको रकम अनुमान गरी खर्च शीर्षक बमोजिम विनियोजन गरेर मात्र खर्च गर्नु पर्दछ । पालिकाबाट खरिद भई पाम्स दाखिला गरेर मात्र वडा कार्यालयलाई कार्यालय सामाग्री उपलब्ध गराउनु पर्नेमा वडा कार्यालयबाटै सामाग्री खरिद गर्ने र पाम्समा दाखिला नगरी बजेट खर्च लेख्ने गरेको देखियो । पालिका अन्तर्गतका वडा कार्यालयले पालिकाबाटै एकीकृत रुपमा खरिद गरी आवश्यक सामाग्री माग फारमका आधारमा बुझी खरिदलाई एकीकृत गराउनु पर्ने देखिन्छ । खर्चको नमूना परीक्षण गर्दा वडा सचिवले खर्चको विल पेश गर्ने र भुक्तानी लिने गरेको देखियो । खर्चलाई पुष्टी गर्ने कागजातलाई व्यवस्थित तथा खर्चको औचित्य समेत पुष्टि नहुने गरी विल पेश भएको आधारमा भुक्तानी लिने गरेको देखिन्छ । यस्ता कार्यमा नियन्त्रण गरी खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ । यसका केही उदाहरण निम्नानुसार रहेका छन्:

| गो. भौ.नं. र मिति | वडा नं. | खर्चको विवरण | कैफियत |
|---|---|---|---|
| २६८-२०८०/०८/११ | १० | डाँगीहाट स्टेशनरी सप्लायर्सबाट रु.५००।- दरका २४ वटा रिचार्ज | श्रेस्तासाथ संलग्न कागजातमा सो रिचार्जकार्ड प्रयोग भएको विवरण संलग्न नरहेको । |
| ४६०-२०८०/१०/१८ | ३ | ठाकुर पुस्तक पसलबाट रु.५००।- दरका २४ वटा रिचार्जकार्ड | |
| ८२८-२०८१/०१/०६ | १० | डाँगीहाट स्टेशनरी सप्लायर्सबाट रु.५००।- दरका २४ वटा रिचार्ज | |
| ८३२-२०८१/०१/०७ | ३ | बेतना पुस्तक पसलबाट विभिन्न दरका रु. रु.११,९००।- का ४७ थान रिचार्ज कार्ड | |

४९ **टोल विकास संस्था सञ्चालन अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले टोल विकास संस्था सञ्चालन अनुदानका लागि वार्षिक बजेटमा रु.२० लाख विनियोजन गरी विभिन्न गोश्वारा भौचरबाट प्रति टोल विकास संस्था रु.२० हजारका दरले सञ्चानल अनुदान वापत रु.१७ लाख १० हजार भुक्तानी दिएको छ । लेखापरीक्षणको क्रममा स्रेस्ता परीक्षण गर्दा खर्चलाई पुष्टी गर्ने प्रमाण कागजात पेश नभएको हुँदा खर्चलाई पुष्टी गर्ने प्रमाण कागजात पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,१०,००० |

५० **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायबमोजिम भुक्तानी दिँदा आवश्यक प्रमाण कागजात संलग्न भएको नदेखिएकोले प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| **भौचर नं र मिति** | **विवरण** | **भुक्तानी पाउनेको नाम** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| **न. पा. चालु** | | | | |
| ८५०-२०८१/०१/१० | बेलवारी बहुमुखी क्याम्पसलाई १८८ जनाको छात्रवृत्ती वापत | बेलवारी बहुमुखी क्याम्पस | ११५६६४१ | बेलवारी बहुमुखी क्याम्पसलाई भुक्तानी दिएकोमा विद्यार्थीको खातामा भुक्तानी भएको प्रमाण पेश नगरेकोले सो प्रमाण पेश गर्नु पर्ने । |
| ९९६-२०८१/०२/०७ र १४१०-२०८१/०३/२० | लागुपदार्थ उपचार खर्च वापत भुक्तानी | बेलवारी प्लस | ५००००० | उपचार खर्च वापत भुक्तानी भएकोमा स्रेस्तासाथ कुन व्यक्तिमा कति खर्च भएको हो कुनै प्रमाण संलग्न नरहेकोले सो प्रमाण पेश गर्नु पर्ने । |
| १३५०-२०८१/०३/१८ | छात्रवृत्ती वितरण कार्यक्रम | नेपाल आदिवासी जनजाति महासंघ, नगर समन्वय परिषद् बेलवारी | ४००००० | विद्यालय तथा महासंघको खातामा भुक्तानी दिएकोमा विद्यार्थीको खातामा भुक्तानी भएको प्रमाण पेश नगरेकोले विद्यार्थीको खातामा भुक्तानी भएको प्रमाण पेश गर्नु पर्ने । |
| | | श्री जनता माध्यमिक विद्यालय , बेलवारी ९ | ६७२०० | |
| नगरपालिका पुँजीगत | | | | |
| ३०-२०८०/०६/३० | जाली कुर्सी ४ थान, २ + २ + १ सोफा सेट १, अफिस टेबल २ थान, टि टेबल १ थान लगायत | आर. के. ट्रेडर्स | १९३७६६ | पाम्स दाखिला गरी सो को प्रमाण पेश गर्नु पर्ने । |
| प्रदेश चालु | | | | |
| ४-२०८०/०९/०४ | बेलवारी बहुमुखी क्याम्पसलाई अनुदान | बेलवारी बहुमुखी क्याम्पस | ७००००० | सोझै अनुदान भुक्तानी भएकोले सो अनुदानलाई पुष्टी गर्ने कागजात तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनु पर्ने । |
| जम्मा | | | ३०१७६०७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,१७,६०७ |

५१ **मसलन्द तथा कार्यालय सामग्री खरिद**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरू, सबै पदाधिकारी एवं कर्मचारीहरूले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष पालिकातर्फ खुल्ला बोलपत्र विधिबाट रु.२९ लाख ८५ हजार र सोझै खरिद विधिबाट रु.४५ लाख ९५ हजार समेत रु.७५ लाख ८० हजार र वडातर्फ ११ वटा वडाको प्रति वडा रु.७ लाखका दरले मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा एकमुष्ठ बजेट विनियोजन गरी वडा समितिको बैठक भत्ता, पानी विजुली लगायत वडा सञ्चालनमा खर्च गरेको देखियो । ठेक्का मार्फत खरिद गरेको अतिरिक्त ठूलो मात्रामा सोझै खरिद गरेको देखिएकोले खरिदको आवश्यकतालाई यकिन नगरी ठेक्का गरेको देखियो । यसलाई व्यवस्थित गरी खर्चको आवश्यकता अनुसार वार्षिक रुपमा ठेक्का मार्फत एकमुष्ठ खरिद गर्नु पर्दछ । वडा कार्यालयको बजेटलाई खर्चको प्रकृति अनुसार सम्बन्धित खर्च शीर्षकमा बजेट विनियोजन गरेर मात्र खर्च गर्नु पर्दछ । पालिकाले खरिद गरेको सामाग्री पाम्समा दाखिला गरी खर्च लेखेको तर वडा कार्यालयबाट भएको खरिद पाम्समा दाखिला नगरी खर्च लेखेको छ । यसरी एकीकृत रुपमा खरिद गरी वडा कार्यालयमा पालिकाबाट कार्यालय सामाग्री उपलब्ध नगराएको कारण वडा कार्यालयले खरिद गरेकोले मसलन्द तथा कार्यालय सामाग्रीको एकीकृत विवरण प्राप्त हुन नसकेको हुँदा वडा कार्यालयबाट हुने खरिदलाई पाम्समा दाखिला गरेर मात्र खर्च लेख्नु पर्दछ ।

५२ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन मर्मत गर्दा प्रत्येक पटक मर्मत आदेश स्वीकृत गरी मर्मत गराई गर्नुपर्दछ । सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकामा ७ थान चार पाङ्ग्रे (४ जीप, १ दमकल, १ टिफर र १ सव बहान सहित), १९ थान दुइ पाङ्ग्रे सवारी साधन रहेकोमा यस वर्ष सवारी साधन मर्मतमा पालिकातर्फ रु.४० लाख बजेट विनियोजन गरी रु.३९ करोड ९९ लाख खर्च लेखेको देखिन्छ । पालिकातर्फ मर्मत अभिलेख राखेतापनी वडातर्फको मर्मत अभिलेख एकीकृत नभएको, धेरै जसो मर्मत कार्यमा भुक्तानीको लागि बिल पेश गरेपछि मात्र मर्मत आदेश भर्ने र मर्मत अभिलेख खातामा चढाउने गरेको देखिन्छ । पालिकले सवारी साधन तथा मेशिनरी मर्मतमा खर्च गरेको सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसबाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तीय विवरणमा वास्तविक मूल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

५३ **इन्धन खर्चको मापदण्ड**

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ७ मा पदाधिकारीको सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोविल कार्यपालिकाबाट उपलब्ध हुने उल्लेख छ । साथै नेपाल सरकार कार्यसञ्चालन निर्देशिका,२०७७ को बुँदा नं ७.१.१६ का प्रति मोटरसाइकल मासिक १० लि. पेट्रोल पाउने उल्लेख छ । पालिकामा ७ थान चार पाङ्ग्रे (४ जीप, १ दमकल,१ टिफर र १ सव बहान सहित), १९ थान दुइ पाङ्ग्रे सवारी साधन रहेकोमा यस वर्ष पालिकातर्फ इन्धनको लागि रु.९१ लाख बजेट विनियोजन गरी रु.७३ लाख ६६ हजार खर्च गरेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । पालिकातर्फको सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको भएतापनी वडाबाट भएको खर्चको एकीकृत विवरण राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन पदाधिकारी इन्धनको कोटा निर्धारण गरी र एकीकृत उपयोगको विवरण खुल्ने अभिलेख राखी इन्धन खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

५४ **अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम**

अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमका लागि सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशबाट पारिश्रमिक र कार्यक्रम समेत प्रदेश सरकारको लागत साझेदारी रु.८,००,०००।- पालिकालाई पठाएको छ । पालिकाले सो कार्यक्रमका लागि बिगतमा करुणा फाउण्डेशन समेतको लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमका लागि नियुक्त गरेका फोकल पर्सन १ तथा सहजकर्ता ३ समेत ४ जनालाई निरन्तरता दिई करारमा नियुक्त गरेको देखिन्छ । यसरी करारमा नियुक्त फोकल पर्सन तथा सहजकर्ताहरूलाई सम्झौता अनुसार मासिक पारिश्रमिक, चाडपर्व खर्च र पोशाक खर्च समेतमा बार्षिक रु.१६,०९,१७८।- खर्च भएको

देखियो । कार्यक्रममा नपुग भएको पारिश्रमिक रु.१३,६७,७६६।- पालिकाको चालु बजेटबाट खर्च गरेको देखिन्छ । त्रिपक्षीय सम्झौता भई अन्य संस्थासँग साझेदारी गरी करारमा नियुक्त गरेका सबै कर्मचारीलाई पालिकाको आय क्षमता समेतका आधारमा दरवन्दी पुनरावलोकन तथा स्वीकृत नगरी निरन्तरता दिएकोले प्रदेश सरकारको लागत सहभागीता भन्दा पालिकाको धेरै लागत लागेको अवस्था छ। प्रदेश सरकारको लागत सहभागिता, कार्यक्रमको न्यूनतम आवश्यकता र खर्च दक्षता समेतका आधारमा दरवन्दी कायम गरी कार्यक्रम कार्यान्वयनमा मितव्ययिता कायम गर्नु पर्दछ ।

### ५५ बिमाको प्रिमियम भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । साथै राष्ट्रसेवक कर्मचारीहरुको जीवन बीमा प्रिमियमको ५० प्रतिशत नेपाल सरकार र ५० प्रतिशत सम्बन्धित कर्मचारीले व्यहोर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ.नं.३९ मिति २०८०/०६/०४ बाट नेपाल लाईफ इन्सुरेन्सलाई निम्नानुसारका ४ कर्मचारीको वार्षिक प्रिमियम वापत रु.३८,४१९।- भुक्तानी दिएको छ । बीमा प्रिमियम वापतको रकम सम्बन्धित कर्मचारीले ५० प्रतिशत र पालिकाले ५० प्रतिशत व्यहोर्नुपर्नेमा पुरा रकम पालिकाले खर्च लेखि भुक्तानी दिएको देखियो । सम्बन्धित कर्मचारीले व्यहोर्नुपर्ने रकम पालिकाले खर्च लेखेकोले उक्त रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| **कर्मचारीको नाम** | **पालिकाले खर्च लेखेको रकम १०० प्रतिशत** | **पालिकाले खर्च लेख्नुपर्ने रकम (५० प्रतिशत)** | **कर्मचारीबाट असुल गर्नुपर्ने रकम** |
|---|---|---|---|
| महेन्द्र खड्का | ९६१९ | ४८०९.५ | ४८०९.५ |
| चतुर्भुज माझी | ९६१९ | ४८०९.५ | ४८०९.५ |
| **जम्मा** | **१९२३८** | **९६१९** | **९६१९** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,८१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,८१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६१९ |

### ५६ पदाधिकारी निजी सचिव

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (३) मा नगरपालिकाको अध्यक्ष र उपाध्यक्षले नगरपालिकाको राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ । पालिकाले केशव प्रसाद आचार्य निजी सचिव कार्यरत रहेको अवस्थामा समेत मिति २०८०/०४/०४ देखि पुनः अर्को निजी सचिवका रुपमा प्रदिप श्रेष्ठ नियुक्त गरी वर्षभरी केशव प्रसाद आचार्यलाई रु.४,७९,४९०।- र प्रदिप श्रेष्ठलाई रु.४,४१,३३९।०७ गरी यस आर्थिक वर्षमा रू.९,२०,८२९।०७ खर्च लेखेको छ । यसरी ऐनले गरेको व्यवस्था विपरित हुने गरी एक निजी सचिव हुँदा हुँदै अर्कोलाई नियुक्त गराई वर्षभरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,७९,४९० |

### ५७ तालिममा प्रयोग हुने कच्चा सामाग्री खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाबाट विभिन्न मितिमा सञ्चालन भएका तालिम तथा कार्यक्रमहरूमा भएको कच्चा

सामाग्री खरिद वापतको खर्च तालिम केन्द्र तथा तालिम सञ्चालन गर्ने कर्मचारीलाई भुक्तानी दिँदा तालिम तथा कार्यक्रमबाट सो कच्चा सामाग्रीबाट तयार भएको सामाग्री तथा पुन: प्रयोग गर्न सकिने सामाग्री जिन्सी दाखिला नगराई भुक्तानी दिने गरेको देखियो । यसरी कच्चा सामाग्रीमा हुने खर्चबाट तयार हुने सामाग्री तथा पुन: प्रयोग गर्न सकिने सामाग्री पालिकाको जिन्सीमा दाखिला गराएर मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । नमूना छनौट गरी परीक्षण गर्दा निम्न तालिम तथा कार्यक्रमको लागि कच्चा सामाग्री वापतको भुक्तानी निम्नानुसार रहेको देखियो:

| **गो.भौ.नं./मिति** | **तालिम/कार्यक्रम सञ्चालन गर्ने** | **तालिम/कार्यक्रमको नाम** | **जम्मा खर्च रकम** | **कच्चा सामाग्री वापतको खर्च** |
|---|---|---|---|---|
| ९४०-२०८१/०१/३० | नारी विकास संघ | कुसन बनाउने तालिम | १९८३९० | १०५००० |
| ९४३-२०८१/०१/३० | नेपाल इन्स्टिच्यूट अफ टेक्निकल एण्ड भोकेसनल ट्रेनिङ्ग प्रा. लि. | कुसन बनाउने तालिम | १९६८०० | ५६८४१ |
| ९४९-२०८१/०१/३० | नेपाल इन्स्टिच्यूट अफ टेक्निकल एण्ड भोकेसनल ट्रेनिङ्ग प्रा. लि. | सिलाई कटाई तालिम | २२३३६९ | ७७३०४ |
| ९५०-२०८१/०१/३० | एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि. | वाइरिङ तालिम | १९८३०५ | ९५५०० |
| ९५१-२०८१/०१/३० | एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि. | बारिष्ठा तालिम | ३४८९४४ | १६६३३४ |
| १०३३-२०८१/०२/१६ | वातावरण संरक्षण तथा सामाजिक रुपान्तरण समाज | कृष्टल बनाउने तालिम | १४८००० | ५५७५० |
| १०९५-२०८१/०२/२४ | पाथिभरा सिप विकास तालिम केन्द्र | सिलाई कटाई तालिम | २९८००० | १७९००० |
| ११६१-२०८१/०२/३० | विराट पोलिटेक्निक इन्ष्टिच्युट प्रा.लि. | मन्टेश्वरी तालिम | २५५३८० | १०९३०० |
| १२४३-२०८१/०३/१० | नेपाल ग्रिन लिकं फाउण्डेशन प्रा.लि. | कुसन बनाउने तालिम | १००००० | ४५७५० |
| १३७०-२०८१/०३/१९ | पाथिभरा स्वतन्त्र महिला समाज | मखमलको चप्पल बनाउने तालिम | १९३२५० | ५०००० |
| **जम्मा** | | | **२१६०४३८** | **९४०७७९** |

## ५८ लोक सेवा तयारी कक्षा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले सहायकस्तरको लोक सेवा तयारी कक्षा सञ्चालन वापत गो.भौ.नं.१०५९-२०८१/०२/२१ बाट साइबर स्पेश कम्प्यूटर ईन्ष्टीच्यूटलाई रु.४,८७,२५६।- भुक्तानी दिएको देखियो । भुक्तानी परीक्षण गर्दा पेश भएका कागजात अनुसार कक्षा सञ्चालन २०८०/११/०९ देखि २०८१/०१/३१ सम्म भएको देखिन्छ । कक्षामा ६५ जनालाई सहभागी गराई ४५ दिन कक्षा सञ्चालन गर्ने गरी सम्झौता भएकोमा निम्नानुसार कागजात पेश भएकोले सम्झौताभन्दा घटी गरी कक्षा सञ्चालन गरी सम्पूर्ण भुक्तानी लिएकोले सो रकम साइबर स्पेश कम्प्यूटर ईन्ष्टीच्यूटबाट असुल गर्नु पर्ने रु.

| विवरण | सम्झौतामा संलग्न | पेश भएको कागजात अनुसारको विवरण | फरक | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| प्रशिक्षक कक्षा संख्या | १०० सेसन | ८४ सेसन | १६ सेसन | १९५० | ३१२०० |
| सहभागी स्टेशनरी | ६५ जना ४५ दिन | ४२ जना ४५ दिन | २३ जना ४५ दिन | २५ | २५८७५ |
| परीक्षा | ६५ जना २ पटक | ६२ जना २ पटक | ३ जना २ पटक | १५० | ९०० |
| जम्मा | | | | | ५७९७५ |
| मू. अ. कर | | | | | ७५३७ |
| जम्मा बढी भुक्तानी असुल गर्नु पर्ने | | | | | ६५५१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,५१५ |

५९ **मेलमिलापकर्ताको तालिम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **२०,५६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लावारीको नगरपालिका घुम्तिकोष**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **गाईको बीमा**

पालिकाको दुहुनो गाई वितरण प्राविधिक मापदण्डमा अनुदान प्राप्त गर्ने व्यक्तिले गाईको अनिवार्य स्वास्थ्य परीक्षण र बिमा गराउनुपर्ने उल्लेख छ। पालिकाले आधारभुत वर्गलाई अनुदानमा दुहुनो गाई वितरण कार्यक्रम अन्तरर्गत ९ जना कृषकहरुलाई रु.५ लाख ४० हजार भौचर नं.१६१,१६७,१७४ र १७८ बाट भुक्तानी दिएकोमा खरिद गरेको गाईको स्वास्थ्य परीक्षण र बिमा गरेको देखिएन । किसान तथा आफ्नो लगानी सुरक्षित गर्नको लागि पालिकाले अनिवार्य बिमा गराउने व्यवस्था गर्नु पर्दछ । साथै यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

६२ **औषधी खरिद तथा व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष सोझै खरिद प्रक्रिया अवलम्बन गरी देहायबमोजिम रु.४९,२२,७६६।५० को औषधी, आयुर्वेदिक औषधी तथा सर्जिकल सामग्री खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| भौचर नं | शीर्षक | आपूर्तक | खरिद विवरण | भुक्तानी रकम | खरिद विधि |
|---|---|---|---|---|---|
| १५०४ | गा. पा. चालु | अजम्बरी फर्मास्यूटिकल्स | निःशुल्क वितरणको लागि औषधी खरिद | २३२२८१७.५ | सोझै (पत्रिकाको आधारमा) |
| १३८७ | गा. पा. चालु | ड्रग इन्टरनेशनल फार्मेसी | औषधी तथा सर्जिकल सामाग्री | ७८९५३१ | सोझै |
| ४२२ | गा. पा . चालु | अष्टाङ्ग फर्मास्युटिकल्स प्रा. लि. | अत्यावश्यक औषधी खरिद | ४९९९२५ | सोझै |
| १३८ | संघीय चालु | लाइफ लाइन ड्रप प्रा. लि. | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद | १३१०४९३ | सोझै (पत्रिकाको आधारमा) |
| जम्मा | | | | ४९२२७६६.५ | |

यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

क) पालिकाले आफू अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरूका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक विभिन्न शीर्षकबाट औषधी खरिद गरेको देखिन्छ। पालिकाले औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्टयाई नगरी फरक फरक दरमा खरिद गरेको देखिन्छ । यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) खरिद गरेका सम्पूर्ण औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । जसका कारण आपूर्ति भएका औषधी डब्लु.एच.ओ. सर्टिफाइड भए नभएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था रहेन । साथै औषधीको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश भएको देखिएन ।

ग) पत्रिकामा सूचना प्रकाशन भए अनुसार सार्वजनिक खरिद नियमावलीले गरेको व्यवस्था बमोजिम सोझै खरिद गर्दा एक मात्र पत्रिकालाई आधार लिई सोझै खरिद गरेको देखियो । यसरी खरिद गर्दा औषधी उत्पादन गर्ने फर्महरूले राष्ट्रिय पत्रपत्रिकामा सूचना प्रकाशन गरेका तीन वा सोभन्दा बढी फर्मको दरलाई आधार लिई मितव्ययी तवरले खरिद गर्नु पर्नेमा सो गरेको देखिएन ।

घ) आपूर्ति भएका औषधी जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन। जसकारण औषधीको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन ।

ङ) औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

च) औषधीको खर्च घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । साथै भौतिक रुपमा औषधी हस्तान्तरण नगर्दै जिन्सीबाट हस्तान्तरण गरी मौज्दात घटाउने गरेको ।

| 290 | Supplying and placing Elephant Statue with all complete as per approved drawing, Specification and instruction of site engineer. | Nos | १ | २५०००० | २५०००० | १००००० | १००००० | १५०००० |
| 291 | Supplying and placing of Statue with all complete as per approved drawing, Specification and instruction of site engineer. | Nos | ३ | १५०००० | ४५०००० | ५०००० | १५०००० | ३००००० |
| | जम्मा | | | | २२६९००० | | १७५०००० | ५१९००० |

| | |
|---|---|
| अनियमित भएको | ५,१९,००० |

८७.४ **पीएस आइटमको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यको बिलअफ क्वान्टिटीको पीएस आइटम (Statue of Dhanpal King on Elephant) मा रू.१०,००,०००।- व्यवस्था गरेकोमा उक्त कार्यकोलागि रू.१६,००,०००।- भुक्तानी दिएको देखिन्छ । प्रोभिजनल समको रकम अमृत्य ग्रुप प्रा.लि.बाट कार्य गराई रु.१६,९५,०००।- भुक्तानी गरेको पाइयो । तत्काल लागत अनुमान तयार गर्न सम्भावना नभएको र प्रोभिजनल सममा व्यवस्था गरी सोही बमोजिम खर्च गरेको कार्यालयको भनाई रहेको छ । खर्च गर्दा प्रतिस्पर्धा गराएर मात्र खर्च गर्नु पर्दछ ।

८७.५

**घटी अग्रिम कर कट्टी:** आयकर ऐन, २०५८ को दफा ८९ मा सार्वजनिक निकायले ठेक्का वा करार वापत पचास हजार रुपैया भन्दा बढीको भुक्तानी दिदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले अन्तिम बिलको रकम रु.८४,४८,४१६।- भुक्तानी गर्दा १.५ प्रतिशतले हुने रु.१,२६,७२६।- अग्रिम कर कट्टी गर्नुपर्नेमा रु.१,००,५५१।- मात्र कट्टा गरेकोले घटी कर कट्टी रु.२६,१७५। असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,१७५ |

८८ **दोहोरो भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमको निर्माण कार्यमा पहिलो आइपिसिमा ह्युमपाइपको भुक्तानी भईसकेकोमा दोस्रो आइपिसिमा सो परिमाण नघटाई पुनः भुक्तानी गरेको देखियो । दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| ठेक्का नं | योजनाको नाम | निर्माण व्यवसायीको नाम | बढी भुक्तानी रकम मू. अ. कर सहित | कैफियत |
|---|---|---|---|---|
| BM/MOR/W/NCB-08-2080/81 | पाँचकोले केलारी अधुरो पिच निरन्तरता | लोहित गंगा निर्माण सेवा | ८४७४९ | भौचर नं २७५ र ४५५ |
| BM/MOR/W/NCB-09-2080/81 | शान्तिचोक देखी समावेशी चोक ख जाने बाटो सडक कालोपत्रे - ४ | लोहित गंगा निर्माण सेवा | ५२९६८ | भौचर नं २८० र ४२० |
| जम्मा | | | १३७७१७ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३७,७१७ |

८९ **BM/MOR/W/NCB-06-2080-81 विसनपुर देखि रंजनी मइनर माथिल्लो दौलतपुर हुँदै संगली इनार जोड्ने सडक कालोपत्रे**

पालिकाले विसनपुर देखि रंजनी मइनर माथिल्लो दौलतपुर हुँदै संगली इनार जोड्ने सडक कालोपत्रे बेलबारी-७ को कार्यको लागि शीर्ष निर्माण सेवा प्रा.लि.(६०९६०४०६३) सँग रु.४८,७८,९११।४२ मिति २०८०।१२।१४ मा सम्झौता गरेको छ । श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

८९.१ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले दोस्रो रनिङ बिल रु.२०,०४,४६१।२४ रहेकोमा संघीय ससर्त भौचर नं ८४-२०८१।३।२४ बाट रु.११,८२,६३९।– र पालिका पुँजीगत भौचर नं ४७५-२०८१।३।२४ बाट रु.९,८२,१७८।– गरी जम्मा रु.२१,६४,८१७।- भुक्तानी दिएकोले बिल रकमभन्दा रु.१,६०,३५५।७६ बढी भुक्तानी दिएको देखियो । बढी भुक्तानी भएको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६०,३५६ |

८९.२ **साइट क्लियरेन्स बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यको दोस्रो रनिङ बिल रु.२०,०४,४६१।२४ रहेकोमा नापी किताब परीक्षण गर्दा साइट क्लियरेन्सको परिमाण 400m2 को नापी भएकोमा 2682m2 को भुक्तानी भएको देखिन्छ । बढी भुक्तानी भएको परिमाण 2280m2 को प्रति वर्गमिटर रु.३०।- का दरले रु.६८,४००।- को मूल्य अभिवृद्धि कर समेत रु.७७,३५९।८० असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ७७,३६० |
|---|---|

९० **बिहीबारे चौक देखि विकास बस्नेतको घर अगाडीसम्म कालोपत्रे (BM/MOR/W/NCB-04-2080/81)**

पालिकाले निर्माण व्यवसायी सिम्रन एण्ड यस कन्स्ट्रक्सन प्रा.लि.(६०९५८९०२७)सँग मिति २०८०।१०।१७ मा बिहीबारे चौक देखि विकास बस्नेतको घर अगाडीसम्म कालोपत्रे कार्यका लागी रु.४२३६७१३।९५ मा सम्झौता गरेकोमा यस सम्बन्धित देखिएका थप व्यहोराहरु निम्नानुसार छन् :

**बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यको कार्यसम्पन्न रकम रु.४१,७५,६३६।८९ रहेको छ । निर्माण कार्यमा प्रयोग भएको वेसकोर्सको परिमाण प्रथम रनिङ बिलबाट २७५.५८ घनमिटरको भुक्तानी भएकोमा दोस्रो रनिङ बिलमा अघिल्लो रनिङ बिलसम्मको परिमाणमा २५२.६८ घनमिटर उल्लेख भएकोले २२.९ घनमिटरको रु.१,७५०।- को दरले रु.४०,०७५।- र त्यसमा भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.५,२०९।७५ गरी रु.४५,२८४।७५ बढी भुक्तानी भई विभिन्न भौचरबाट उक्त निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई रु.४२,२०,९२२।- भुक्तानी भएको देखिन्छ । बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४५,२८५ |
|---|---|

९१ **तराई मधेश समृद्धि कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२७,९१८.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१३२,८१७.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **४६४,३६८.५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **५६९,४१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

९२ **गुणस्तर परीक्षण शुल्क**

पालिका र देहायबमोजिमको निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्डमा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । पालिकाले निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाण वेगर नियमित रूपमा निर्माण व्यवसायीले गर्नु पर्ने गुणस्तर परीक्षण वापत दावी गरेको रकम प्रोभिजनलसमबाट भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

| क्र. सं. | भौचर नं | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| 1 | २४-२०८१।२।२० | BM/MOR/W/NCB-04-2080-081 | बिहीबारे चौक देखि विकास वस्नेतको घर अगाडीसम्म कालोपत्रे | सिम्रन एण्ड यस कन्स्ट्रक्सन प्रा. लि.(६०९५८९०२७ ) | ५००० |
| २ | १२-२०८१।१।२७ | BM/MOR/W/NCB-03-2080-081 | मुल नहर देखि अगर टोल सतार टोल हुँदै काफ्ले टोलसम्म कालोपत्रे | सिम्रन एण्ड यस कन्स्ट्रक्सन प्रा. लि.(६०९५८९०२७ ) | ७५०० |
| ३ | ४५५-२०८१।३।२२ | BM/MOR/W/NCB-08-2080/081 | पाँचकोले केलारी अधुरो पिच निरन्तरता | लोहित गंगा निर्माण सेवा | १०००० |
| ४ | ४२०-२०८१।३।१९ | BM/MOR/W/NCB-09-2080/081 | शान्तिचोक देखि समावेशी चोक ख जाने बाटो सडक कालोपत्रे | लोहित गंगा निर्माण सेवा | ५००० |
| ५ | ४१९-२०८१।३।१९ | BM/MOR/W/NCB-05-2080/081 | भिम बहादुर कार्कीको घर पश्चिम मुनाल जनपथ टोल हुँदै निनाम्बो चोकबाट केशालय खोला जाने बाटो कालोपत्रे | एस एण्ड एस ब्रदर्श कन्स्ट्रक्सन | ५००० |
| **जम्मा** | | | | | **३२५००** |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,५०० |

## ९३ विड डकुमेन्ट र सम्झौताका शर्तमा फरक

पालिकाले ठेक्काको विड डकुमेन्टमा पेस्की नदिने उल्लेख गरेकोमा निर्माण व्यवसायीसँग गरेको सम्झौता पत्रमा दुई किस्तामा २०% पेस्की दिने उल्लेख गरी सोही बमोजिम पेस्की दिएको देखियो । निर्माण व्यववसायीलाई लाभ पुग्ने गरी विड डकुमेन्टको सर्तमा परिवर्तन गरी सम्झौता गर्ने कार्यले खरिदको प्रतिस्पर्धामा समेत असर पर्ने भएकोले विड डकुमेन्ट अनुसार निर्माण व्यवसायीसँग गरिने सम्झौता पत्र तयार गर्नुपर्दछ । उदाहरण

| क्र. सं. | ठेक्का नं | विड डकुमेन्टमा भएको व्यवस्था | सम्झौतामा भएको व्यवस्था |
|---|---|---|---|
| १ | BM/MOR/W/NCB-13-2080-81 | पेस्की नदिने | सम्झौता रकमको २० प्रतिशत पेस्की दिने |

## ९४ बैंक जमानत बिना पेस्की

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ताबाट बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेस्की दिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम १२१ मा आपूर्तिकर्ताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको शुन्ना दशमलव शुन्न पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने उल्लेख छ । पालिकाले रु.२०,०८,१००।-मा एम्बुलेन्स खरिदका लागि अग्रि इन्कर्पोरेटेड प्रा.लि.सँग सम्झौता गरेको छ । एम्बुलेन्स खरिदको लागि पालिकाले अग्रि इन्कर्पोरेटेड प्रा.लि.लाई अग्रिम रुपमा रकम भुक्तानी गर्नुपर्ने र अग्रिम भुक्तानी प्राप्त गरे पश्चातको १२० दिनभित्र एम्बुलेन्स प्रदान गर्ने गरी २०८१।२।३ मा सम्झौता गरेको छ । सम्झौता बमोजिम अग्रि इन्कर्पोरेटेड प्रा.लि.लाई पुँजीगततर्फको भौचर नं.४६३ र चालुतर्फको भौचर नं १४८४-२०८१।३।२३ बाट बैंक जमानत बिना रु.२० लाख पेस्की दिएको पाइयो । पेस्की २०८१।३।२३ मा भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०८१ मार्ग २२ सम्म १५३ दिन व्यतित भईसक्दा समेत उक्त आपूर्तिकर्ताले पालिकालाई एम्बुलेन्स उपलब्ध गराएको देखिएन । सार्वजनिक खरिद ऐनको व्यवस्था

विपरित बिना बैंक जमानत पेस्की दिएको रकम सम्झौता गर्नेलाई जिम्मेवार बनाई व्याज सहित असुल गर्नुपर्ने वा म्याद समाप्त पश्चातको पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी कार्यसम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | २०,००,००० |

९५ **ठेक्का नं. BM/MOR/W/NCB/14/076/77**

**अमना सिसौली सिमसारमा पर्यटन विकास :** नगरपालिकाले रू.४,१६,९१,७१४।६७ (मूल्य अभिवृद्धि कर समेत) लागत अनुमान रहेको अमना सिसौली सिमसार क्षेत्रमा पर्यटन विकासका लागि संरचना निर्माण गर्न निर्माण व्यवसायी विकास।वाई एसएस। भुवनेश्वरी जेभीसँग २०७९।२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०७७।२।३० मा मूल्य अभिवृद्धि कर समेत रू.४,१५,५४,८८९।६६ को खरिद सम्झौता गरेको थियो । उक्त निर्माण कार्यमा यो वर्ष गोश्वारा भौचर नं. ४८७।२०८१।३।२४ मा नवौ तथा अन्तिम बिलबाट भएको रू.६४,९५,२४७।९५ समेत रू.३,४४,००,०८४।८२ मा कार्य सम्पन्न भएको कार्यालयको अभिलेखबाट देखिन्छ। भेरीएशनबाट रू.६८,४४,५१६।२५ को कार्यहरु हटाई रू.३,४७,१०,३७३।४१ संशोधित सम्झौता कायम भएकोमा रू.३,१०,२८८।५९ को कार्य नगराई ठेक्का फाईनल गरेको देखिन्छ । उक्त खरिद सम्झौता सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् :

९५.१ **भेरिएसन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ५८ अनुसार खरिद सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो योजना कार्यन्वयनको क्रममा सिर्जना भएमा स्पस्ट कारण खुलाई भेरीएशन आदेश जारी गर्न सक्ने उल्लेख छ । कार्यालयले यो वर्ष सम्पन्न गरेको अमना सिसौली सिमसार पर्यटन विकास निर्माण कार्यको लागि रू.४,१५,५४,८८९।६६ को सम्झौता गरेको थियो । उक्त सम्झौता परिमाणमा भेरिएसन गरी रू.६८,४४,५१६।२५ बराबरको कार्य हटाई रू.३,४७,१०,३७३।४१ संशोधित सम्झौता गरेकोमा रू.३,४४,००,०८४।८२ (सुरू सम्झौता भन्दा रू.७१,५४,८०४।८४ न्यून) मा ठेक्का फाईनल गरेको देखिन्छ। निर्माण कार्यको अवधि थप भएको र प्रदेश अनुदान प्राप्त नभएको कारण सम्पन्न भएको कार्यको आधारमा ठेक्का सम्पन्न गरेको कार्यालयले छलफलमा जानकारी गराएको छ ।

९५.२ **प्लमवालमा बढी भुक्तानी :** अमना शिशौली सिमसारको अमना क्षेत्रमा एक व्यक्तिको आवास गृह नजिकै रत्नमार्ग सडक छेउमा रहेको प्लमवालको लम्बाई १९ मिटर रहेकोमा पाँचौ बिल भुक्तानी गर्दा २९.६० मिटर लम्बाईको भुक्तानी भएकोले नापी कितावमा १०.६० मिटर बढी लम्बाई पोष्टिङ भएको देखियो । औषत मोटाई १.५ र उचाई २.७ मिटर रहेको उक्त प्लम वालमा ४२.९३ घनमिटर प्रतिघनमिटर सम्झौता दर रू.८,०००।- ले हुने रू.३,४३,४४०।-, फर्मवर्क ५७.२४ वर्गमिटरको प्रति वर्गमिटर रू.७००।- ले हुने रू.४०,०६८।-, माटो खन्ने कार्यमा १०.६मी. *२.२मी.*१.५मी.=३४.९८ घनमिटर प्रति घनमिटर रू.५३०।- ले हुने रू.१८,५३९। ४०, सोलिङ १०.६ *२.२*.१५= ३.४९ घनमिटरको रू.५,३००।- ले हुने रू.१८,५३९।४० र पीसीसी १०.६*२.२*.०७५=१.७४९ को प्रति घनमिटर कबोल दर रू.११,०००।- ले हुने रू.१९,२३९।- गरी जम्मा रू.४,३९,८२५।८० र सोमा भुक्तानी भएको मूल्य अभिवृद्धि कर रू.५७,१७७।३५ समेत रू.४,९७,००३।१५ बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गर्नु पर्ने देखियो रू.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९७,००३ |

९५.३ **क्षतीग्रस्त प्लमवाल :** अमना सिसौली सिमसार खण्डको हेड रेगुलेटर छेउमा रहेको १८.९० मिटर लम्बाई, औषत मोटाई १.५ मीटर र उचाई २.८० गरी जम्मा ७९.३८ घनमिटर आयतन रहेको प्लमवाल लडेर क्षति भएको देखियो। निर्माण कार्यको लागि बिमा वापत रू.३,१०,२८८।५० प्रोभिजनल समबाट भुक्तानी लिएको देखिएता पनि निर्माण व्यवसायीले दावी गरी पुनः निर्माण गरेको देखिएन । प्रति घनमिटर रू.८,०००।- ले प्लम कंक्रिटको रू.६,३५,०४०।-, फर्म वर्क १०५.८४ वर्गमिटरको सम्झौता दर रू.७००।- ले हुने रू.७४,०८८।- गरी रू.७,०९,१२८।- र मूल्य अभिबृद्धि कर रू.९२,१८६।६४ समेतले हुने रू.८,०१,३१४।६४ लागतको क्षतिग्रस्त उक्त प्लमवाल निर्माण व्यवसायीले आफ्ने लागतमा निर्माण गर्नुपर्नेमा गरेको देखिएन । उक्त क्षतीग्रस्त प्लमवाल निर्माण गर्न लगाई प्रमाण पेश गर्ने अन्यथा निजबाट असुल गरी दाखिला गर्नु पर्दछ रू.



| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,०१,३१४ |

९६ **आयोजना छनौट तथा स्वीकृती**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली, २०७७ को नियम २६ (६) मा प्रदेश तथा स्थानीय तहमा कर्यान्वयन गरिने योजनाको पहिचान वर्गीकरण, छनौट तथा प्राथमिकिकरण गरी योजना स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बिचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने उल्लेख छ । पालिकाले देहायका पार्क निर्माणको लागि देहायअनुसार रू.१२,३८,८९,३९७।२६ को लागत अनुमान तयार गरको र हालसम्म रू.११,४१,६१,४५३।- खर्च गरेको देखिन्छ । योजनाको एनपिभी, आईआरआर तथा योजना फिजिबल रहेको आधार खुल्ने संभाव्यता अध्ययन प्रतिवेदन पेश हुन आएन । अत: योजनाहरुको छनौट आर्थिक, प्राविधिक तथा वातावरणीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको दृष्टीले समेत उपयुक्त भई छनौट भएको थियो भन्ने कुरामा आशस्वस्त हुन सकिने अवस्था छैन ।

| योजनाको नाम | ठेक्का रकम | हालसम्मको खर्च (पालिका तर्फको) |
|---|---|---|
| अमना सिसौली सिमसारमा पर्यटन विकास | ४१५५४८८९।६६ | ३४४०००८४ |
| धनपालगडी पर्यटकीय क्षेत्र विकास | ८२३३४५०७।६० | ७९७६१३६९ |
| जम्मा | १२३८८९३९७.२६ | ११४१६१४५३ |

९७ **अधुरो योजना**

ठेक्का सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि ठेक्का सम्झौतामा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आअन्यधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् । तर म्याद थप गर्दा सम्झौताको उक्त व्यवस्थाको सट्टा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को आधारमा अन्य कारणहरु देखाइ थप गरिन्छ । सम्झौता अनुसार कार्यतालिका अध्यावधिक गर्ने, पूर्व जानकारी दिने, डेली डायरी राख्ने र दिन गन्तीका हिसाबले म्याद थप गर्ने अभ्यास छैन । ठेक्का बन्दोबस्त तेस्रो त्रैमासिकमा गर्ने र अविरल वर्षाको कारण देखाई म्याद थप गर्ने गरेको छ । पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः पटक पटक म्याद थप गर्ने गरेको छ । ठेक्का अविधभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नगरी यस कार्यालयमा २ ठेक्काको भुक्तानी रु.७३ लाख १२ हजार खर्च भई काम अधुरो रहेको देखिन्छ । निर्माण व्यवसयीलाई पटक पटक सम्झौता विपरीत म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौता अनुसार ठेक्का सम्पन्न नगराउने कार्यालयहरुको कमजोरीका कारण ठेक्काहरुको म्याद बढ्दै गई अधुरा ठेक्काहरुको संख्या बढेको र सेवाग्राहीले प्रतिफल प्राप्त गर्न नसकेको अवस्था सृजना भएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(११) र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानत प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने, ठेक्का तोड्ने, कार्यसम्पादन जमानत प्राप्ती गर्ने, कालोसूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ । निर्माण व्यवसयीलाई पटक पटक सम्झौता विपरीत म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौता अनुसार ठेक्का सम्पन्न नगराउने कार्यालयहरुको कमजोरीका कारण ठेक्काहरुको म्याद बढ्दै गई अधुरा ठेक्काहरुको संख्या बढेको र सेवाग्राहीले प्रतिफल प्राप्त गर्न नसकेको अवस्था सृजना भएको छ। खरिद कानुन र ठेक्का सम्झौता अनुसार काम नगर्ने निर्माण व्यवसायीलाई म्याद थपमा निरुत्साहित गरी ठेक्काको म्यादभित्र कार्य सम्पन्न गराउनु पर्दछ । केही ठेक्काहरुको म्याद थपको स्थिति तपसिल अनुसार छः

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप संख्या | म्याद थप अवधि | पेश्की बाँकी | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | धोकर जाने बाटो विकास बस्नेतको घर हुँदै दक्षिण स्कुलसम्म कालोपत्रे | धर्मराज कन्स्ट्रक्सन | ८९८७७५५.२१ | २०८०।३।१ | २०८१।३।२० | १ | २०८१।९।३० सम्म | १५८०००० | ५०६२३५० | ५६.३२ |
| २ | चाँदनीचोक नलबारी सडक कालोपत्रे बेलबारी १० | पि. आर. कन्स्ट्रक्सन, सुनसरी | ५४९६०१५.४२ | २०७९।१०।११ | २०८०।३।१५ | २ | २०८१।३।३० | ० | २२४९२०४।२५ | ४० |

९८ **ठेक्का नं. BM।MOR।NCB।०२।२०७७।०७८**

**बेलवारी सपिङ कम्लेक्स :** नगर विकास कोषको ऋण सापटी र पालिकाको समपुरक कोषबाट खर्च गर्ने गरी बेलबारी सपिङ कम्लेक्स निर्माण कार्य २०७९।५।२९ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी रविना / अविसा/ अभियान जेभीसँग २०७७।११।२८ मा रु. ११९६०९४७१।८० को खरिद सम्झौता गरेको छ । निर्माण कार्यको भेरिएशन पछि संशोधित सम्झौता रु. १२०५४४३२२।९० पुगेको छ । निर्माण कार्यमा यो वर्ष सातौ रनिङ बिलबाट भएको भुक्तानी रू २८९४५९६।५३ समेत हालसम्म मूल्य समायोजन रू. ३०२१५२०।४१ र निर्माण कार्यको रू. ५४५०२८८४।४२ गरी जम्मा रू. ५७५२४४०४।८४ भुक्तानी भएको छ । उक्त खरिद सम्झौता सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

९८.१ लाभ लागत विश्लेषण : आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली २०७७ को नियम २६ (६) मा प्रदेश तथा स्थानिय तहमा कर्यन्वयन गरिने योजनाको पहिचान वर्गीकरण, छनौट तथा प्राथमिकिकरण गरी योजना स्विकृत गर्नुपर्ने व्यवस्था रहेको छ। विकास आयोजनाको वजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बिचार गरी त्यस्तो आयोजना स्विकृत भएको हुनुपर्ने उल्लेख छ । पालिकाले सपिङ कम्लेक्स निर्माण गर्न

नगर विकास कोषसँग रू. ११९९८५७१४।१० को ऋण सम्झौता गरेकोछ। सम्झौता मितिले २ वर्षको सहुलियत अवधि सहित नगरपालिकाले मञ्जुर गरेअनुसारको किस्तादरबाट ३६ अर्धवार्षिक किस्तामा जम्मा २० वर्षभित्र साँवा र व्याजसहित कोषलाई भुक्तानी गर्नु पर्ने, कोषसँग ऋणसम्झौता गरेको मितिदेखि सहुलियत अवधिको गणना हुने र ऋण रकम निकासा भएको मितिबाट ८ प्रतिशत व्याज लाग्ने सर्त सहित २०७७।११।२८ मा उक्त ऋण सम्झौता गरेकोमा रू. ४०४८७७९०।६१ ऋण प्राप्त गरेको देखिन्छ । सम्झौताको सर्त अनुसार २०७९।९।५ मा सहुलियत अवधि समाप्त भैसकेकोमा निर्माण कार्यमा 45.21 प्रतिशतमात्र वित्तीय प्रगति भएको देखिन्छ । सपिङ कम्लेक्सको संभावित न्यूनतम आय खुलाई योजनाको लाभ लागत विष्लेषण सहितको सम्भाव्यता अध्ययन प्रतिवेदन पेस हुन नसकेकोले नगर विकास कोषको ८ प्रतिशत व्याजदर र निर्माण लागतमा उक्त योजना सम्भाव्य रहेको छ भन्नसक्ने अवस्था देखिएन । आयोजनाबाट हुने प्रतिफलसमेत विचार गरी ऋण रकम लगानी गर्नुपर्दछ।

९८.२ **साँवा तथा व्याज भुक्तानी :** नगरपालिकाले प्राप्त ऋण र भुक्तानी तालिका सहितको ऋण खाता राखेको छैन । पालिका र नगर विकास कोषबीच सम्पन्न ऋण सम्झौता अनुसार हालसम्म रू. ४०४८७७९०।६१ ऋण प्राप्त गरेको देखिन्छ ।त्यस्तै नगरपालिकाले ब्याज रू. ७४६५४२९।२८ र साँवा रू ४४२२४०७।२० समेत यो आर्थिक वर्षसम्ममा जम्मा रू. ११८८७८३६।५२ नगर विकास कोषलाई साँवा तथा भुक्तानी दिएको देखिन्छ । निर्माण कार्य ढीलो भएकोले पालिकाले उक्त सम्पत्तिबाट लाभ लिन नसकेको अवस्था छ । पालिकाले निर्माण व्यवसायीको कार्य गर्ने प्रतिवद्धताको आधारमा निर्माण कार्यको म्याद म्याद थप गरेपनि निर्माण कार्यमा प्रगति हुन नसकेको कारण सम्झौता अनुसार ऋण प्राप्ती र उपयोमा समस्या सिर्जना भएको, व्याज भुक्तानी गर्नु परेको कारण दायित्व निरन्तर बढिरहेको र सपिङ कम्लेक्सबाट पालिकालाई हुने प्रतिफल प्राप्त हुन नसकेकोले सम्झौताको सर्त अनुसार कार्वाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

| |
|---|
| सोधभर्ना नलिएको |

९८.३ **गुणस्तर परीक्षण खर्च :** कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्राक्टको गुणस्तर नियन्त्रण खण्डमा प्रोजेक्ट मेनेजरले निर्माण व्यवसायीलाई निर्माण कार्यको स्पेशिफिकेशनमा उल्लेख नभएको कुनै कुराको गुणस्तर परीक्षण गर्न निर्देशन गरेमा र उक्त परीक्षण कार्यमा निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तरमा कुनै कमजोरी नदेखिएको अवस्थामा गुणस्तर परीक्षण खर्च वापतको रकमको भुक्तानी निर्माण व्यवसायीलाई दिनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा फरक परीक्षणको आदेश गरेको तथा निर्माण व्यवसायीले त्यस्तो प्रकारको परीक्षण गरेको प्रमाणबेगर स्पेशिफिकेशन अनुसार निर्माण व्यवसायीलेनै गर्नु पर्ने परीक्षणको प्रतिवेदन सम्लग्न गरी गोश्वारा भौचर नं. ५०४।२०८१।३।४ बाट भुक्तानी दिएको तेस्रो रनिङ बिलसम्मा गुणस्तर परीक्षण वापत दावी गरेको रू. ५२५५३ प्रोभिजनल समबाट भुक्तानी दिएको देखियो । सम्झौताको शर्त विपरित भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू......

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,५५३ |

९८.४ **ठेक्काको म्याद थपः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० तथा ठेक्का सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । निर्माण व्यवसायी रविना / अविसा/ अभियान जेभीसँग भएको सम्झौताको विशेष शर्त अन्तर्गत जीसीसी ५५ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । नगर विकास कोषबाट ऋण प्राप्त गरी निर्माण सुरू गरेको उक्त व्यापारिक भवनको २०८०।९।२६ को कार्यपालिकाको निर्णयअनुसार २०८१।३।२८ सम्म म्याद थप गरेको देखिन्छ । सम्झौता अनुसार कार्यतालिका अध्यावधिक गर्ने, पूर्व जानकारी दिने, डेली डायरी राख्ने र दिन गन्तीका हिसाबले म्याद थप गर्ने अभ्यास छैन ।म्याद थपको लागि निर्माण व्यवसायीले गरेको प्रतिवद्धताको आधारमा म्याद थप गरे पनि निर्माण कार्यको प्रगति ६० प्रतिशतमात्र रहेकोले निर्माण व्यवसायीले सन्तोषजनक रुपमा कार्य गरेको पाईएन । निर्माण व्यवसायीलाई म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौता अनुसार ठेक्का सम्पन्न नगराउने पालिकाको कमजोरीका कारण ठेक्काहरुको

म्याद बढ्दै गई अधुरा ठेक्काहरुको संख्या बढ्ने र समयमा प्रतिफल प्राप्त गर्न नसकेको अवस्था सृजना भएको छ । भवन निर्माण कार्यको थप म्याद पछिको अवधि पनि २०८१।३।२८ मा समाप्त भएकोमा थप गरेको देखिएन।खरिद कानुन र ठेक्का सम्झौता अनुसार काम नगर्ने निर्माण व्यवसायीलाई सम्झौताको शर्त र खरिद ऐन तथा नियमावलीको उपर्युक्त व्यवस्था अनुसार पूर्वनिर्धारित क्षेतपूर्ति रकम असुल गर्नु पर्दछ ।

९८.५ **प्रोग्राम अपडेट** - कार्यालय र निर्माण व्यवसायी बीच भएको खरिद सम्झौताको वोलपत्र सम्वन्धी कागजातको एस.सी.सी. अन्तरगत जी.सी.सी. ३४.३ मा प्रत्येक ३० दिनभित्र कार्यक्रम कार्यान्वियन तालिका अद्यावधिक (प्रोग्राम अपडेट) गर्नु पर्ने र ढिलो गरी पेश गरेमा सो वापत सम्झौतामा उल्लेख भए अनुसार रू.५०००.०० रोक्का राखिने उल्लेख छ । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायीले अद्यावधिक आयोजना कार्यान्वियन तालिका पेश गरेको देखिएन । सम्झौताको शर्त अनुसार रकम रोक्का नराखेको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

९८.६ **त्रुटीपूर्ण नापी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ सँग सम्बन्धित अनुसूची-४(क) मा एकाई दर सम्झौता बमोजिम भएको काम बापत भुक्तानी गर्दा निर्माण स्थलको नाप जाँचबाट यकिन भएको निर्माण कार्यको परिमाणलाई प्रति एकाई दरले गणना गरी हुन आउने रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले भुक्तानी दिएको व्यापारिक भवन निर्माण कार्यको सातौ रनिङ विल रू.२८९४५९६।५३ को नापी किताव परीक्षण गर्दा नापि तथा गणनामा त्रुटी गरी देहायअनुसार मुल्य अभिवृद्धि कर समेत रू.४५०३०४.३४ बढी भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नु पर्ने रु....

| विवरण | एकाई | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| क) भवनको र्‍याफ्ट फाउण्डेसनमा लिफ्टको लागि फाउण्डेशन गरी ओपन रहेको ६ मिटर लम्वाई र २.८ मि. चौडाई भागको र्‍याफ्ट फाउण्डेसनको डण्डीको परिमाण नघटाएको | | | | |
| 1st Layer | एकाई | तौल | दर | रकम |
| X axis.@.125 m c/c 20mm Dia 49 pcs 6m length | के. जि . | ७२५.८९ | | |
| Yaxis.@.125 m c/c 16mm Dia 23.4 pcs 2.8m length | के. जि . | १०३.५४ | | |
| 2nd Layer | | | | |
| X axis.@ .125 m c/c 20mm Dia 49 pcs 6m length | के. जि . | ७२५.८९ | | |
| Y axis.@ 125 m c/c 16 mm Dia 23.4 pcs 6m length | के. जि . | १०३.५४ | | |
| Chair 20 mm 18 nos. 3.156 m length | के. जि . | १४०.२६ | | |
| ख) दोस्रो तलाको ग्रिड बीबीमा ब्रिकवाल हटाएकोमा सिल तथा लिन्टेलको छडको परिमाणम परिमाण गणना गरेको | | | | |
| 8 mm Dia 8 pcs 9.05 m length | के. जि . | २८.९६ | | |
| Stirrups 123 nos. 0.20 m length | के. जि | ९.८४ | | |
| जम्मा | मे. टन | १.८४ | ९२०७० | १६९२२४.६६ |
| Form Work | | | | |
| स्ल्यावको पुरा लम्वाई र चौडाई लिई फर्मवर्कको परिमाण गणना गरेकोमा Atrium, Lift र Staircase को भाग घटाएको देखियो । फर्मवर्कमा कोलमहरु र वीमहरुमा लगाएको फर्मवर्क नघटाएकोले बढी भुक्तानी | | | | |
| बीम ११ मेन वीम २६४*०.३ = ७९.२० ले तीन तलाको हुने ७९.२०*३ | ब मि | २३७.६ | | |
| ९ सेकेन्ड्री बीम १९२.७९*०.२३ = ४४.३४ ले तीन तलाको हुने ४४.३४*३ | ब मि | १३३.०२ | | |
| कोलम ३०*०.५०*०.५० प्रति तलाले ३ तलाको ७.५*३ | ब मि | २२.५ | | |
| जम्मा | | ३९३.१२ | ३२५.५ | १२७९६०.५६ |
| Brick Wall | | | | |
| दोस्रो तलाको व्रिकवालको परिमाणमा सील लिन्टेलको भाग नघटाएकोले बढी भुक्तानी भएको | | | | |
| Grid A-A Wall २ वटा (२२*०.२३*०.१०) | घ मि | १.०१ | | |
| Grid F-F Wall २ वटा (२२*०.२३*०.१०) | घ मि | १.०१ | | |
| First Floor | | | | |
| Half Brick wall Grid B-B २ (६.१८*०.१२*०.१०) | घ मि | ०.१५ | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| फुल ब्रिक वालमा तीनबटै तलामा १८ ओपनिङ रहेकोमा १ मिटर लम्वाई र ०.६० मीटर चौडाईका १५ ओपनिङ नघटाएको | | | | |
| ३*१५*१*०.६*०.२३ | घ मि | ६.२१ | | |
| जम्मा | | ८.३८ | १२०९० | १०१३१४.२ |
| सबै आईटमको जम्मा | | | | ३९८४९९.४२ |
| मूल्य अभिवृद्धि कर | | | | ५१८०४.९२ |
| कुल जम्मा | | | | ४५०३०४.३४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५०,३०४ |

## ९९ सामाजिक सुरक्षा तथा संरक्षण

९९.१ नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व.मा वितरण गरेको अन्तिम त्रैमासिकको विवरण र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको संख्या यस प्रकार रहेको देखिन्छ:

| लक्षित समूह | आ. व. २०७९/८० को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या | आ. व.२०८०।८१ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या | मासिक भत्ता दर रु. |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | ५३१५ | ५६०० | ४००० |
| अन्य ज्येष्ठ नागरिक | ३१९ | ३१९ | २६६० |
| एकल महिला | ७१६ | ६३७ | २६६० |
| विधवा | ११४८ | १२६३ | २६६० |
| पूर्ण अपाङ्गता भएका | २०१ | २०४ | ३९९० |
| अति अशक्त अपाङ्गता | ४११ | ४२२ | २१२८ |
| बालबालिका | ३५३ | ३५९ | ५३२ |
| लोपोन्मुख जाति | ५ | ३ | ३९९० |
| जम्मा | ८४६८ | ८८०७ | |

९९.२ **फरक हिसाब** - स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न तथा स्थानीय तह, विभाग र बैंक तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन सामाजिक सुरक्षा भत्ता

वितरण प्रणाली कार्यान्वयमा रहेको छ । पालिकाले यस वर्ष EFT मार्फत भत्ता वितरण गर्दा CGAS मा रु.३५ करोड ३ लाख ५७ हजार ४६८ खर्च देखिएकोमा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा रु.३५ करोड ३ लाख ४१ हजार ५९६ मात्र वितरण भएको देखिन्छ । पालिकाको सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा प्रयोग हुने दुई प्रणाली बिच फरक देखिएको रकम रु.१५,८७२।- को हिसाबमिलान गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,८७२ |

९९.३ **फिर्ता गर्न बाँकी रकम**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२६,३७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९९.४ **लाभग्राहीको अभिलेख** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं.१० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको विवरण पूर्ण रुपमा अद्यावधिक गरेको देखिएन।

**निस्कृय खाता** - कार्यविधिको बुँदा नं. २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ ।कार्यविधिको व्यवस्था बमोजिम पालिकाले बैंकहरुबाट विवरण प्राप्त गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम बैंकबाट निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

**एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण-** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले सो बमोजिम विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालसँग सम्झौता गरी नगरपालिका भित्रका प्राविधिक शैक्षिक कार्यक्रम अध्ययन गर्ने प्रशिक्षार्थीहरूलाई सहुलियत प्रदान गर्न सम्झौतामा उल्लेखित रकम प्रतिष्ठानको खातामा रु.पाँच लाख गाउँपालिका चालु गो.भौ.नं.९५९-२०८१/०१/३१ बाट खर्च लेखि जम्मा गरेको छ । प्रतिष्ठानलाई भुक्तानी दिएको रकमका सम्बन्धमा प्रतिष्ठानको घुम्तीकोष कोषमा आम्दानी बाँधेको प्रमाण पेश गर्नु पर्ने बेरुजु उल्लेख भएकोमा पालिकाले प्रतिक्रियामार्फत प्रमाण पेश गरेको छ । पालिकाले प्राविधिक शैक्षिक कार्यक्रम अध्ययन गर्ने प्रशिक्षार्थीको विवरण संकलन गरी राखेको देखिएन । प्रशिक्षार्थीको विवरण संकलन गरी आवश्यकपर्ने रकम यकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ । | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बेलवारी नगरपालिका, मोरङ , बेलबारी नगरपालिका , मोरङ्ग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | किरण प्रसाद ढकाल | २०८०-१०-७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गणेश राज कार्की | २०७८-८-२३ | २०८०-४-२९ |
| लेखा प्रमुख | धनमाया राई | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,१२९,८९० | १९,२१४,०७७.५ | २३,२६०,६८५.९४ | ० | ० | २,०००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४९,६०४,६५३.४४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १३,३९५,७२३.९४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३६,२०८,९२९.५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ११६०१६४४६.६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४९४४८३५७५.५१ | चालु खर्च | ५५१०३३४१०.४२ |
| प्रदेश सरकारबाट अनुदान | २९७८८०१४.५ | पूँजीगत खर्च | २६१९३०५५१.४५ |
| राजश्व बाँडफाँट | १७९९८४४१९.८६ | वित्तीय/अन्य व्यवस्था | ४७२५३७६३०.७७ |
| आन्तरिक आय | ७०८८०३९३.२६ | | |
| अन्य आय | ४९९१०२२९५.१६ | | |
| कुल आय | १२७४२३८६९८.२९ | कुल खर्च | १२८५५०१५९२.६४ |
| बाँकी मौज्दात | | १०४७५३५५२.२५ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- नगरपालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्क रूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- निर्माणाधिन शीतभण्डारको निर्माण कार्य सम्पन्न नभएको कारण सञ्चालन तथा उपयोग नभएकोले कार्यसम्पन्न गरी सञ्चालन गर्नुपर्दछ।

- नगरपालिकाले नगर अस्पताल भवन सम्पन्न गरे तापनि सोको सञ्चालन हुन सकेको छैन । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।